सि.जि.प्र.द.नं. १७
जि.हु.द.नं. २८

# सन्देश जनप्रिय
Sandesh Janapriya Weekly
साप्ताहिक

प्रो. राजन भुजेल
0४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेर्डस एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली
Pashupati Paints
यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

❖ वर्षः- २१ ❖ अङ्कः- १५ ❖ २०८० मंसिर ०६ गते बुधबार(22 Nov. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

# शान्ति संझौताको १८ वर्षः प्रतिवद्धतानैं सडकमा

**सिन्धुली**/ तत्कालिन नेकपा (माओवादी) र सात दलबीच २०६३ मंसिर ५ मा गरिएको सम्झौताले नागरिकमा १८ वर्ष पुरा हुँदा पनि आशा जगाउन सकेन । न्याय, परिवर्तन र पूर्ण शान्ति ल्याउने वाचा गरिएको भएपनि समस्या यथावत छ। तत्कालिन सरकार र माओवादी बीच भएको भनिएको बृहत शान्ति सम्झौताले त्यस ऐतिहासिक दिनमा दलहरूले गरेका मुख्य तीन प्रतिबद्धताहरु सेना समायोजन, राज्यको पुनःसंरचनासहित संविधानको निर्माण र संक्रमणकालीन न्यायको टुंगो लगाउने तर त्यही बिद्रोही समूह पटक पटक सत्तामा पुग्यो तर त्यसबेला किटान गरिएका समस्या अझै समाधान भएन।

सम्झौताका मुख्य बुँदामध्ये सेना समायोजन र संविधान निर्माणको काम सकिए पनि संक्रमणकालीन न्याय भने सुरुवातकै बिन्दुमा छ जसले गर्दा द्वन्द्वका क्रममा भएका गंभीर मानवअधिकार उल्लंघनका घटनाको सत्यतथ्य अनुसन्धानसमेत हुन सकेन भने पीडितले न्याय पाउन त झनै मुस्किल देखिएको छ।

शान्ति सम्झौताका पक्षधरहरूले नै संक्रमणकालीन न्यायको बाटोलाई रोकेकाले अहिलेको अवस्थाले देखाएको विज्ञहरूको टिप्पणी र हँदै आएको छ। 'पीडितको न्याय पाउने अधिकार शान्ति सम्झौताका पक्षधरहरूले नै घोर उल्लंघन गरे,' पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ भन्छन्, 'सम्झौताका पक्षधरहरूले यसलाई सत्तारोहणको छोटो बाटोका रूपमा प्रयोग गरे जसले गर्दा



पीडितमाथि ठूलो धोका भएको छ।' सत्तामा पुग्नका लागि दलहरूले यसलाई छलकपटको बिन्दुसम्म दुरुपयोग गर्नाले संक्रमणकालीन न्याय जस्ताको तस्तै सुरुवाती अवस्थामा रहेको उनको विश्लेषण छ।

सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरेर अन्तरिम संविधान जारी भएको दुई वर्ष भित्र द्वन्द्वका समयमा भएका मानव अधिकार उल्लंघनका घटना टुंगो लगाउने शान्ति सम्झौतामा उल्लेख भए पनि त्यसको १८ वर्ष लागिसक्दा समेत यसबारे कुनै काम हुन सकेन। शान्ति सम्झौताको ८ वर्षपछि २०७१ मा जारी संक्रमणकालीन न्याय सम्बन्धी ऐनमा गम्भीर मानव अधिकार उल्लंघनका दोषीलाई आम माफी दिने प्रावधान राखेपछि विवादमा परेको थियो जसलाई सर्वोच्च अदालतले बदर गर्दै त्यसमा संशोधन गर्न आदेशसमेत दिएको थियो।

तर, सरकारले त्यसलाई अटेर गर्दै पुरानै ऐनका साथ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरेको थियो। दुई वर्षका लागि गठन गर्ने भनिएका यी दुवै आयोगले चार-चार वर्ष बितिसक्दा पनि कुनै काम गर्न नसकेपछि सरकारले त्यसलाई खारेज गर्दै नयाँ पदाधिकारीका साथ दुवै आयोग गठन गरेको थियो। त्यसले पनि दुई वर्ष कुनै काम गर्न सकेन। हाल दुवै आयोग रिक्त छन् भने सर्वोच्च अदालतको आदेशअनुसार सरकारले संशोधन गर्नुपर्ने विधेयक संसदमा लामो समयदेखि विचाराधीन छ। मानवअधिकार ● बाँकी २ पेजमा

# गंगानारायण माओवादी केन्द्रको सचिव बन्दै !

**सिन्धुली**/ नेकपा (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टीबीच पार्टी एकता वार्ता समितिको बैठकपछि जारी विज्ञप्तीले डा. बाबुराम भट्टराई नेतृत्वको सो पार्टी विभाजनको संघारमा पुगेको छ।

बृहत समाजवादी मोर्चामा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भट्टराईलाई अलग राख्दै उत्ता समिकरणलाई ख्यालगर्दै उपेन्द्र महत्तोलाई काखी च्यापेपछि मोर्चाका सुत्रधार मानिएका बाबुरामलाई पाखा लगाएका थिए। गएको निर्वाचनपछि पार्टी एकता गरेर अगाडि बढ्ने आन्तरिक सहमति गरेका दाहाल र भट्टराई बीच मोर्चा गठनपछि दरार पैदा भएको थियो भने समाजवादी पार्टीका सहसंयोजक गंगानारायण



श्रेष्ठ पार्टी एकताको पक्षमा उभिएका थिए। यता भट्टराईकी छोरी मानुषी र उनका ज्वाईले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट गरेर सामाजिक सञ्जालमा प्रशंसा गरेका थिए। त्यसको केही दिनपछि माओवादी केन्द्रले समाजवादीलाई सम्बोधन गरेर वार्ताका लागि लेखिएको पत्र सार्वजनिक भएको थियो। वार्ताका लागि लेखिएको पत्रले नेता गंगानारायण श्रेष्ठको नेतृत्वमा समाजवादी पार्टीको ठूलो समूह माओवादी केन्द्रसँग पार्टी एकता गर्ने सहमति नजिक पुगेको सम्बद्ध स्रोतले बताएको छ।

समाचार स्रोतले वागमती प्रदेशका कानूनमन्त्री समेत रहेका श्रेष्ठले पार्टीलाई उपमहासचिव पदसहितको समायोजन माग गरेका छन्। तर श्रेष्ठलाई पार्टी सचिव दिएर पार्टी एकता गर्ने पक्षमा अध्यक्ष प्रचण्ड पनि सहमत भइसकेको र संभवत मंसिर महिना भित्र भट्टराईलाई छोडेरै भएपनि श्रेष्ठको नेतृत्वमा समाजवादी र माओवादी केन्द्रबीच पार्टी एकता हुनेछ।

माओवादीका उपाध्यक्ष तथा उपाध्यक्ष कृष्णबहादुर महरा र नेसपा नेता गंगानारायण श्रेष्ठले संयुक्त विज्ञप्ति जारी गर्दै पार्टी एकता प्रक्रिया र नेताहरुको समायोजन जस्ता विषयमा सुझाव दिने काम भएको बताएका थिए। पार्टी एकता संयोजन समितिले दुवै पार्टीले ● बाँकी २ पेजमा

# काठमाडौंमा मशाल जुलुस



**सिन्धुली**/ प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) सम्बद्ध भ्रातृ संगठन राष्ट्रिय युवा संघ र अनेरास्ववियुले हिजो मंगलबार काठमाडौंमा मशाल जुलुस निकालेको छ। मंसिर ७ गते गर्न लागेको प्रदर्शनको तयारी स्वरुप युवा विद्यार्थीले काठमाडौंको तीनकुनेमा मशाल जुलुस निकालेको युवा संघका उपाध्यक्ष पुष्प श्रेष्ठले जानकारी दिए।

मशाल जुलुसमा सहभागीहरुले भ्रष्टाचार, महँगी र अराजकता नियन्त्रणमा सरकारले चासो निदिएको भन्दै सरकारको विरोध गरेका थिए। मशाल जुलुसमा सहभागीहरुले सरकारबिरोधी नारा लगाएका थिए। भ्रष्टाचार, महँगी र अराजकता नियन्त्रणमा सरकारको अकर्मण्यताविरुद्ध भन्दै युवा संघले प्रदर्शन गरेको हो। ● बाँकी २ पेजमा

## झटारो — राजेश मानन्धर




# विश्व शान्तिका लागि बाधक बन्दै अमेरिका

गुलेली
□ प्रेम दाहाल

ल्याटिन अमेरिकी देश अर्जेन्टीनाका क्रान्तिकारी नेता एवम् क्यूवाली जनक्रान्तिका नायक फिडेल क्यास्ट्रोका मुख्य सहयोगी चे ग्वेभाराले भनेका थिए: न्याय केही शक्तिशाली स्वार्थहरूको औजार बनेको छ र दमनकारी शक्तिको सुविधा अनुसार कानुनी व्याख्या गरिरहनेछ।

उनले भनेजस्तै अरु स्वाधीन र सार्वभौम देशमा आक्रमण गर्नु, अरु देशबिच झगडा या युद्ध गराएर हतियार बेच्नु, अरु देशमा आन्तरिक कलह गराएर कमजोर पार्नु, आफ्नो विचार नसुनेको आधारमा अरु देशका राष्ट्र प्रमुख या नेताहरूको हत्या गराउनु, अरु देशको प्राकृतिक स्रोत र साधनमा आँखा गाड्नु र खनिज र तेल कब्जा गर्नु अमेरिकाका लागि कानूनी कार्य जस्तै बनेको छ।

अरु देशको सरकारलाई अस्थिर बनाउने, आन्तरिक मामिला चर्काउन विपक्षलाई हातहतियार, आर्थिक तथा सेना पठाउने, तेल, ग्याँस र खनिज कब्जा गर्नको निम्ति षड्यन्त्र गर्ने देशमा अमेरिका अगाडि छ। युक्रेन र रुसको युद्ध र इजरायल र प्यालेस्टाइनको युद्ध यसको पछिल्लो दृष्टान्त हो। अमेरिकाले भेनेजुयलालाई अस्थिर बनाउने अनेक षड्यन्त्र गर्‍यो। भेनेजुयलामा अमेरिकी हस्तक्षेपको उद्देश्य त्यहाँ रहेको ऊर्जा र खनिज स्रोतमाथि कब्जा गर्नु नैं थियो। राष्ट्रपति निकोलस मदुरोले त्यसबेला भनेका थिए, "साम्राज्यवादीहरु हाम्रो देशको ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ
९८४४०४१३५२
९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली
यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**विश्व ........**

तेल, ग्याँस र सुन हत्याउन चाहन्छन् । तर, ती स्रोतहरू भेनेजुयाली जनताका हुन् ।"

भेनेजुयलाका एक विपक्षी दलका सांसद गुवाइदोले आफूले आफैंलाई राष्ट्रपति घोषणा गरे, जबकि त्यहाँ निर्वाचित राष्ट्रपति थिए । त्यसबेला अमेरिकी विदेशमन्त्री माइक पाम्पेओले निर्वाचित राष्ट्रपति मदुरोलाई मान्यता नदिई 'अन्तरिम राष्ट्रपति' गुवाइदोलाई समर्थन गर्न भेनेजुयाली सेनालाई समेत आग्रह गरे । एक स्वाधीन र सार्वभौम देशको निर्वाचित सरकार अपदस्थ गर्न खोज्ने अमेरिकी सरकारमा खोइ नैतिकता ? खोइ मानवीय धर्म ? खोइ प्रजातन्त्र ? तेल खानी कब्जा गर्नकै निम्ति अमेरिका र बेलायतसमेतले इराकमा बम वर्षा गरेको उदाहरण ताजैछन् । स्थल र हवाई युद्ध गरेर लाखौं इराकीहरूको कत्लेआम गरियो र अन्ततः इराकका राष्ट्रपति सद्दाम हुसेनलाई फाँसी दिइयो । विश्वमा आतंक मच्चाउँदै, शान्ति बिथोल्दै अघि बढेको अमेरिका एमसीसी सम्झौता मार्फत नेपाल पसेर राजनैतिक अस्थिरता मच्चाउँदैछ । त्यसको पछिल्लो उदाहरण टिकटक माथिको प्रतिबन्ध हो । एमसीसी सम्झौता अमेरिकी सेना नेपाल प्रवेश गर्ने माध्यम हो । अमेरिकाले नेपाली भूमिलाई स्प्रिङ बोर्ड बनाउन खोजेको छ । यो नेपाली जनतालाई स्वीकार्य छैन । अमेरिकी सेना तैनाथ गर्नु नै विश्व शान्तिको निम्ति बाधक बनेको छ । देशको सार्वभौमिकताको रक्षा गर्नु नेपाली जनताको एकताको आवश्यकता छ । सत्तारुढ दलले जसरी भए पनि सरकारको नेतृत्व गर्ने या सरकारमा सहभागी हुनेबाहेक देश बनाउने र जोगाउनेतर्फ हेरेको छैन । एउटा परिवारको अभिभावकले घरव्यवहार चलाउने काम गर्छ भने सत्तारुढ दलले देश जोगाउने र बनाउने काम गर्नुपर्दैन ?

अरुलाई लडाएर, भिडाएर आफू अघि बढ्ने कामलाई कसरी राम्रो भन्न सकिन्छ ? अहिले पनि अमेरिकी हतियारधारी सेना दर्जनौं मुलुकमा तैनाथ गरिएको छ ।

अफगानिस्तानलाई ध्वस्त पार्ने काम अमेरिकाले नै गरेको हो । अफगानिस्तान ध्वस्त भएपछि अमेरिकी सेना फिर्ता भयो । क्युवा र उत्तर कोरियामा दशकौंदेखि नाकाबन्दी छ । क्युवाको नाकाबन्दी हटाउने संयुक्त राष्ट्र सदस्यको ९९ प्रतिशतले मतदान गरे पनि अमेरिकाले हटाएन । यो अमेरिकाको अहंकार हो । अमेरिकाले उत्तर कोरियामा हमला गर्ने चेतावनी धेरैपटक दिइसकेको छ । यसरी साम्राज्यवादको विरोध गर्ने देशलाई एकएक गरेर असफल पार्ने प्रयास अमेरिकाले गरिरहेको छ ।

अमेरिका अरु स्वाधीन देश र सार्वभौम देशका शासकहरूलाई धम्की दिन्छ । अमेरिकाले धम्की दिए पनि सहेर बस्नुपर्ने कस्तो बाध्यता ? चीनमा व्यापार युद्ध गर्ने अमेरिकानै हो । अमेरिकामा चिनियाँ उद्योगी तथा व्यापारीलाई काम गर्न नदिने, लगानी गर्न नदिने काम अमेरिकाले गरेकै हो । त्यसैले अमेरिकाबाट हुँदै आएका हस्तक्षेपहरुको सबै नेपालीले सचेततापूर्वक विरोध गर्न र प्रतिरोध पूर्ण संघर्षलाई जारी राख्न जरुरी छ ।

**शान्ति.......**

उल्लंघनका गंभीर घटनालाई सामान्य वर्गीकरण गरी घुमाउरो बाटोबाट पीडकलाई पुनः उन्मुक्ति दिन लागिएको भन्दै विधेयकका अनेकन प्रावधानमा विरोध भइरहेको छ । यसरी प्रक्रिया र संरचनामै अल्झाएर सरकारले न्याय पाउने आफ्नो नैसर्गिक अधिकारमा कुठाराघात गरेको भन्दै पीडितहरूले तत्काल न्यायको प्रक्रिया अघि बढाउन अपिलसमेत गरेका छन् । पिडितहरुले सामूहिक अपिल गर्दै भनेका छन्, 'द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरूबाट मारिएका, बेपत्ता पारिएका, घाइते तथा अंगभंग बनाइएका, बलात्कार तथा यौनजन्य हिंसामा परेका, सम्पत्ति कब्जा तथा विस्थापित गराइएका (हामी) पीडितहरूले १८ वर्षसम्म पनि सत्य, न्याय र परिपूरणको अनुभूति गर्न पाएनौं, कैयौं पीडितहरूले वर्षौंसम्म सत्य, न्याय, परिपूरणको पर्खाइमा बिनापरिणाम ज्यान गुमाउनुपरेको छ ।'

संक्रमणकालीन न्यायको यो बेवास्ताले विस्तृत शान्ति सम्झौतालाई नै चुनौती दिन्छ, न्यायको पक्षलाई कुनै पनि शान्ति सम्झौताले सम्बोधन गर्दैन भने त्यसले औचित्य गुमाएको तथ्यका रुपमा टिप्पणी गर्न थालिएको छ ।

सत्तासीनहरूले सम्झौतालाई आफ्नो हितमा अति उपयोग र न्यायको विपक्षमा अति दुरुपयोग गरेकाले विस्तृत शान्ति सम्झौताले भनेजस्तो जस पाउन नसकेपछिको अहिले पिडितहरुले आशानै मार्न थालेका छन् जसले अहिलेको व्यवस्थामाथिनै समस्या सिर्जना गराउन सक्छ भन्ने तर्फ सरोकारवालाले हेक्का राख्न जरुरी छ ।

**काठमाडौंमा ........**

प्रदर्शनका कारण केहिबेर तीनकुने क्षेत्रमा यातायात अवरुद्ध भएको थियो। युवा संघले मंसिर ७ गते तीनकुने क्षेत्रमा प्रदर्शन गर्ने तयारी गरेको छ । त्यसअघि प्रदर्शनीको तयारीका लागि संघले काठमाडौंमा भेला आयोजना गरेको थियो । भेलामा संघका पूर्वअध्यक्ष महेश बस्नेतले प्रदर्शनलाई शसक्त बनाउन निर्देशन दिएका थिए । त्यसअघि प्रदर्शनीको तयारीका लागि संघले काठमाडौंमा भेला आयोजना गरेको थियो। सरकारले माइतीघर मण्डलामा गर्ने भनिएको कार्यक्रमलाई अबरा धगर्दै निषेधाज्ञा जारी गरेपछि युवा विद्यार्थीले सो कार्यक्रम तीनकुनेमा गर्ने भएका छन् भने दुर्गा प्रसाईलाई बल्खु क्षेत्रमा कार्यक्रम गर्न स्थान तोकेको छ ।

**गंगानारायण ........**

उठाइरहेका वैचारिक र नीतिगत विषयहरूमा छलफल गरी सहमतिको आधारमा अगाडि बढ्ने निर्णय भएको छ । यस्तै पार्टीको विधान, नाम, संगठनात्मक संरचना, चुनाव चिन्ह लगायतका विषयहरूमा पार्टी एकता संयोजन समितिले सहमति गरे अनुरूप अगाडि बढ्ने गरी दुवै पार्टीलाई सुझाव दिने निर्णय गरिएको थियो ।

दुई पार्टीबीच एकता गर्ने सहमति भए पनि लामो समयदेखि रोकिएर बसेको थियो । पछिल्लो समय नेकपा अध्यक्ष डा. बाबुराम भट्टराई माओवादीसँग पार्टी एकताको पक्षमा नभएपनि उनीमाथि पार्टी विभाजनको आरोप लाग्ने भएपछि निकै ठूलो दबाबमा परेकाछन् ।

प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग बाबुराम सन्तुष्ट छैनन् । वृहत् समाजवादी मोर्चा बनाउने र त्यसलाई अभियानकै रुपमा अगाडि बढाए माओवादीसँग एकता गर्न बाबुराम राजी हुने एक नेताले सुनाए । एकतापछि पार्टीको नाम नेकपा (समाजवादी) राख्न प्रचण्ड सहमति भए बाबुरामले एकता प्रक्रियामा गंगानारायणलाई अगाडि सारेर जान तयार हुनेबताइन्छ । अध्यक्ष भट्टराई माओवादीसँग एकताको लागि सकारात्मक नभएपछि अर्का अध्यक्ष यादवसहित सहअध्यक्ष गंगानारायण श्रेष्ठसहितका नेताहरू तत्काल माओवादीसँग एकता गरेर अघि बढ्नुपर्ने पक्षमा उभिएपछि दबाबमा परेर पार्टी विभाजन हुनबाट रोक्न सहमत भएको बताइन्छ । २०७२ सालमा बाबुरामले माओवादी छाडेका थिए ।

# राजा चाहियो भन्नेहरूले बुझ्नै पर्ने तथ्य

□ सञ्जय थापा

यतिबेला नेपालमा कोही कोही व्यक्तिहरु झापाली नवराजावादी दुर्गा प्रसाईंको साथ लागेर राज फिर्ता ल्याउने भन्दै आन्दोलन गर्ने भन्न थालेका छन । राजतन्त्र जस्तो अहिलेको व्यवस्था अघिनायकवादी होइन, त्यसैले गणतन्त्रमा आफ्नो कुरा भन्न पाइन्छ । तर हुँदै नभएको काल्पनिक कुरा गरेर व्यवस्थाकै विरुद्धमा जान चाँहि कसैलाई छुट छैन । राजतन्त्र फिर्ता ल्याउने भन्दै अघि सारिएको पात्र हेर्दा नै उनीहरु कस्ता चरित्रका हुन ? भन्ने प्रष्ट हुन्छ । राजा फर्काउने भन्दै अघि सारिएको यो वियको चर्चा गर्दा सवैभन्दा पहिला दुर्गा प्रसाई को हुन भन्ने वुझ्न जरुरी छ ।

दुर्गा प्रसाई एकातिर मुद्दा मामलाको पाटो छ भने अर्कोतिर जग्गा दलाल र मेडिकल शिक्षाको व्यापारी हुन । बैंकमा अर्बौ ऋण भएका नवधनाढ्य अनि सत्ता र राजनितिको चरम दुरुपयोग गरेर अकुत सम्पति कमाउने र सम्पती प्राप्त भएपछि राजनितिमा कसरी हस्तक्षेप गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण हुन उनी !

पहिला माओवादी बनेका र पार्टी एकिकरणसँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई हजुर बुवा भन्दै निकट देखिएको नाटक गरेका प्रसाई चुनावमा झापा ३ बाट टिकट नपाएपछि विरोधमा लागेका हुन । बैंकको ऋणको व्याज बुझाउन नपरोस् भनेर बैंक, सहकारी र लघुवित्तको विरोधमा जनता उठाउदै हिड्दा हिड्दै अहिले राज फिर्ता ल्याउने आन्दोलनका प्रमुख आर्किटेक्टर देखिएका छन् । अनि राजा ल्याउन पर्नेचाँहि विभिन्न कारणको चर्चा भएका केही विषयको याहा व्याख्या गरौं ।

पहिलो तर्क छ, राजाले वनाएको देश भनेर । तर यस्तय यही हो त ? काहानिर वनाएछन देश यिनले ? पृथ्वीनारायण शाहले थालेका एकीकरण अभियानवाहेक राजाले के गरे ? जनताले गरेको उब्जनीको कुत उठाएर खाएर मोज गरेका राजाले दरवारमा असंख्यक श्रीमती राखेर वसेको तथ्य जगजाहेर नै छ । सत्ता र श्रीमतीको लागि आआफुमा षडयन्त्र गरेर एकले अर्कोको हत्या गर्ने अनि देशमाथि राणाहरुको अत्याचार विरुद्ध सडकमा उत्रेको समयमा देश छोडेर सपरिवार भारत भागेका होईनन र ? सत्य के हो भने राजा भागेपछि जनताले आन्दोलन गरेर राणावाट मुलुकलाई मुक्त गरेपछि फर्केर गद्दीको हकदार भएका हुन ।

दोस्रो तर्क छ, अहिले दलहरुका कारण सवै विदेसिए रे ! नेपालमा मुङ्लान जान थालेको कहिलेदेखि हो ? नेपालीहरु वम्वई र दिल्लीमा गएर खवरदार भन्न थालेको कहिले देखि हो ? म सन १८९०-१९९४ सम्म मद्रासमा अध्ययन गरिरहँदा सधैंमध्य राजमा होसियार खवरदार भन्दै लोरो वजाउँदै हिड्ने नेपालीहरु कसको पालाका थिए ? त्यो वेला राजाको सासन थियो होईन र ? सुदुर पश्चिमतिरको प्रत्येकजसो घरका मान्छेहरु भारत गएर दरवान नवनेको घर छ ? लाहुरे र भर्ती जाने चलन कहिलको हो ?

तेस्रो तर्क छ, राजाको पालामा भ्रष्टाचार थिएन रे ! राजसंस्था त्यस्तो प्रगतिशिल थियो भने ल भन्नुस तिनको आम्दानीको श्रोत के थियो ? वीरेन्द्रको जग्गा खोज्दा एक हजार रोपनी जति रहेछ । त्यो पनि आवाद भएको रहेनछ ! उनीहरु के खान्थे त ? कहाँवाट कमाएर खान्थे ? नेपालको राज संस्थासंग सम्बन्धित व्यक्तिहरु सवै दलाल पुजिपति भईसकेको थिए । विदेशी कम्पनिको एजेन्ट भईसकेका थिए । त्यहा उनीहरुको लगानी थियो । उनीहरु स्वयं दलाल पुजिपति हुन । अनि कहाँवाट देशभक्त हुने ? यी सब वाहियात कुरा हुन ।

चौथो तर्क छ, अहिले वलात्कार वढ्यो, छोरीवुहारी सुरक्षित छैन रे ! के हिजो राजाको पालामा यस्तो केही थिएन त ? अरुले त विर्से होलान तर मचाँहि मेरा अस्कलका सहपाठी नमिता-सुनिताको वलात्कार पछि हत्याको पीडा बिर्सन सक्दिन । पोखरा घुम्न गएका ती दिदी वहिनीलाई कस्ले गर्यो वलत्कार ? अनि कस्ले गर्यो हत्या ? त्यही राजपरिवारले होईन र ?

पाचौं तर्क छ, अहिले वैदेशिक ऋण वढ्यो रे ! पञ्चायतकालमा पञ्च र राजतन्त्रले लुट्दा लुट्दा देश यस्तो कंगाल भएको थियो ? इतिहास हेरे पुग्दैन र ? राजतन्त्रले लुटेर देश कंगाल वनाएपछि देशले विदेशी ऋण लिन सुरु गरेको होईन ? नेपालीले वुझ्नुपर्ने कुरा भनेको राजतन्त्र भनेको खन्चुवा चिज रहेछ। यसले सम्पूर्ण खाएर देश कंगाल वनाएपछि नै जनता त्यसको विरुद्ध आन्दोलनमा उत्रेको होईन ? अहिले यति चाँडै सवै कुरा विर्सने ?

अझै पारसको त मलाई यहाँ कुनै चर्चा नै गर्न मन छैन । तिनलाई पुनर्वाहाली गर्ने नेपाली जनतालाई उक्साउँदै छन् कोही पटमुर्ख, अनि कोही कोही वुद्धीजिवि भन्ने दलालहरु उनको पक्षमा ठुला ठुला कुरा गर्दै छन । हरे परमात्मा छौ भने सवैको कल्याण गर ! यति कुरा यहाँ भनि रँहदा अहिले स्वर्गै छ भन्न खोजेको होईन । नपुग अहिले पनि छ । विकृति अहिले पनि छ ।

नेता र राजनीतिक दललाई सच्याउन/सजाय दिन ५-५ वर्षमा सकिन्छ तर उहिलेकालाई वर्षौं वर्ष पुज्नपर्छ । यत्ति सास्वत सत्यलाई पनि नवुझे नै झै गर्नेहरु मानिस वा वुद्धिजिवि हुन सक्छन र ? किमार्थ हुन सक्दैनन । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रको बिकल्प राजतन्त्र हुन सक्दैन । गणतन्त्रको विकल्प अझै उन्नत गणतन्त्र नै हो । यस्को विकल्प छैन ।

# किन गएनन् नेताहरू प्रशिक्षणमा !

नेकपा (माओवादी केन्द्र) मरिण गाउँपालिका कमिटीले आयोजना गरेको २ दिने राजनैतिक प्रशिक्षण कार्यक्रममा माओवादी केन्द्रका उपमहासचिव हरिवोल गजुरेल र प्रतिनिधीसभा सदस्य राजन दाहाल प्रशिक्षण दिन जानुभएन । माओवादी केन्द्र मरिणले दिएको जानकारी अनुसार जनतासँग माओवादी विषेश रुपान्तरण अभियान अन्तर्गत गजुरेल र दाहाललाई अलग अलग विषय दिइएको थियो भने प्रशिक्षणका लागि हेण्ड्सआउट प्रशिक्षण दिनु अगावै सचिवालयमा उपलब्ध गराउन भनिएको थियो। पार्टी स्कूल विभाग प्रमुख गिरिराजमणी पोखरेलको प्रमुख आतिथ्यतामा भएको २ दिने कार्यक्रममा विभिन्न नेताहरुलाई प्रशिक्षणका लागि आमन्त्रण गरिएको थियो ।

पार्टी स्कूल विभाग प्रमुख पोखरेलले वैचारिक, राजनैतिक, सांगठनिक र नेतृत्वको कार्यशैलीवारे प्रशिक्षण दिनुभएको थियो । सन्देश जनप्रिय साप्ताहिकलाई प्राप्त बिबरण अनुसार प्रकाश श्रेष्ठले श्रमजिवी वर्गको सामाजिक सुरक्षामा पहुँच, बागमती प्रदेश कमिटी अध्यक्ष सरल सहयात्रीले संगठनात्मक पद्धति, इन्द्र भट्टराईले मार्क्सवादको सान्दर्भिकता, लोकप्रियतावाद र युवा, माओवादी केन्द्र सिन्धुलीका इन्चार्ज महेश्वर दाहालले सामाजिक सञ्जाल र प्रचारयुद्ध, तुलसीदास महर्जनले विज्ञान प्रविधिको विकार र हाम्रो दृष्टिकोण, राजनैतिक अर्थशास्त्र वारे पर्शुराम तामाङ, नारी आन्दोलन वारे उर्मिला लामा, संघीयता र स्थानीय सरकारवारे पर्शुराम तामाङ, जनप्रतिनिधी र पार्टी बीचको अन्तरसम्बन्ध वारे संघीय माननीय राजन दाहाल र माओवादी पार्टी निर्माण, अन्तरसंघर्ष र विकासक्रम वारे उपमहासचिव हरिवोल गजुरेलले प्रशिक्षण दिने कार्यक्रम तालिका सार्वजनिक गरिएको थियो ।

मंसिर २ गते

| समय | विषय | जिम्मेवारी |
|---|---|---|
| विहान : ७:००-८:०० बजे | चिया/खाजा | मेश |
| विहान : ८:००-९:०० बजे | उद्घाटन सत्र | आयोजक |
| विहान : ९:००-११:०० बजे | वैचारिक, सांगठानिक, राजनैतिक कार्यदिशा र कार्यशैली | क. गिरिराजमणि पोखरेल |
| विहान : ११:००-१२:०० बजे | खाना | मेश |
| दिउँसो : १:००-२:०० बजे | श्रमजीवि समूहको सामाजिक सुरक्षामा पहुँच | क. प्रकाश श्रेष्ठ |
| दिउँसो : २:००-३:०० बजे | संगठनात्मक पद्धति | क. सरल सहयात्री |
| दिउँसो : ३:००-३:१५ बजे | चिया/ब्रेक | मेश |
| दिउँसो : ३:१५-४:०० बजे | मार्क्सवादको सान्दर्भिकता, लोकप्रियतावाद र युवा | क. इन्द्र भट्टराई |
| दिउँसो : ४:००-५:०० बजे | सामाजिक सञ्जाल र प्रचार युद्ध | क. महेश्वर दाहाल |

मंसिर ३ गते

| समय | विषय | जिम्मेवारी |
|---|---|---|
| विहान : ७:००-८:०० बजे | चिया/खाजा | मेश |
| विहान : ८:००-९:०० बजे | विज्ञान प्रविधिको विकास र हाम्रो दृष्टिकोण | क. तुलसीदास महर्जन |
| विहान : ९:००-१०:०० बजे | राजनैतिक अर्थशास्त्र | क. परशुराम तामाङ |
| विहान : १०:००-११:०० बजे | नारी आन्दोलन | क. उर्मिला लामा |
| विहान : ११:००-१२:०० बजे | खाना | मेश |
| दिउँसो : १:००-२:०० बजे | संघीयता र स्थानीय सरकार | क. परशुराम तामाङ |
| दिउँसो : २:००-३:०० बजे | जनप्रतिनिधि र पार्टी बीचको सम्बन्ध | क. राजन दाहाल |
| दिउँसो : ३:००-३:१५ बजे | चिया/ब्रेक | मेश |
| दिउँसो : ३:१५-४:०० बजे | माओवादी पार्टी निर्माण, अन्तरसंघर्ष र विकासक्रम | क. हरिबोल गजुरेल |
| दिउँसो : ४:००-५:०० बजे | समापन | आयोजक |

कार्यक्रम तालिका अनुसार अगाडि बढेपनि अन्तिम समयमा नेता गजुरेल पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्डको बोलावटपछि काठमाडौं फर्किनु भएको थियो भने माननीय दाहाल दुधौलीको एक कार्यक्रममा प्रमुख अतिथी बन्न प्रशिक्षण कार्यक्रम छोडेर जानु भएको थियो । स्मरणीय छ अभियानलाई अबरोधका बीच व्यवस्थित गरेर अगाडि लैजानेमा मरिण माओवादी पार्टी कमिटी सिन्धुलीमा अन्य पालिका कमिटी भन्दा अगाडि देखिएको छ ।


भर्ना खुल्यो !!

सिन्धुली जिल्लाकै एकमात्र विश्वासिलो कम्प्युटर इन्स्टिच्युट यस सक्सेस कम्प्युटर इन्स्टिच्युटमा कम्प्युटरका विभिन्न कोर्शहरुमा ५०% छुटका साथ नयाँ कक्षाहरु संचालन भइरहेको छ ।

Computer Courses:
1. Basic Computer- 3 Months
2. Office Package- 4 Months
3. Accounting Package- 3 Months
4. Diploma In Computer- 6 Months
5. Diploma In Graphic Design- 6 Months
6. Diploma In Computer Application- 1 year
7. Hardware & Networking- 6 Months

नोटः हामी पढाउने मात्र होइन- तपाईलाई १००% काम गर्न सक्ने वनाउँछौं ।

सक्सेस कम्प्युटर इन्स्टिच्युट
कमलामाई न.पा. ६, २ नं. वजार, सिन्धुली
मो. ९८४४२४५३८३, ९८१७८४५०५४

# ध्याम्पेको स्वादिलो पानी र दुम्जा गाउँको एक फन्को

□ दीपक विहिन

**२०११ सालअघि घ्याम्पेमा फराकिलो फाँट थियो । महाभारत पर्वतबाट उत्तर बग्ने घ्याम्पे चिसो र कञ्चन पानी बग्ने खोला थियो । करिव दुई घट्टको पानी । चिसो बढेपछि सुनकोशीका माछा रोशी खोलामा उकालो लाग्थे । रोशी खोलाबाट घ्याम्पे खोलामा माछा चढ्थे । आरूखोलाका लालबहादुर तामाङ सम्झन्छन्, "यहि खोलामा कति माछा मारियो । अहिले त बगर छ । यो कुरा भन्दा अहिलेका मान्छेले पत्याउन मुस्किल छ ।**

लठ्ठी टेकेरै भए पनि रूपटारका नारान बहादुर कोइराला काकाको आँपघारी यात्रा चलिरहेको छ, दैनिक । घ्याम्पे खोलाको बगरमा गुल्जार आँपघारी बजारमा दूध हालेको चिया सुरूप्प पार्नुको स्वाद उहाँलाई थाहा छ । त्यसो त बालुवाटारका हरिबोल भण्डारी दाइ पनि काँधमा छाता झुण्ड्याएर लठ्ठी टेक्दै विहानै हाजिर हुन्छन्, आँपघारी बजार । मुलुकको राजनीतिदेखि सामाजिक सञ्जालले भाइरल बनाएका बिषयमा चर्चा त्यहि चिया पसलमा छ । स्थानीय समस्याबारे चर्को बहस घ्याम्पेका चिया पसलमा चल्छ । एक बिहान, तिनै ज्येष्ठ नागरिकसँग चिया सुर्क्याइयो ।

२०११ सालअघि घ्याम्पेमा फराकिलो फाँट थियो । महाभारत पर्वतबाट उत्तर बग्ने घ्याम्पे चिसो र कञ्चन पानी बग्ने खोला थियो । करिव दुई घट्टको पानी । चिसो बढेपछि सुनकोशीका माछा रोशी खोलामा उकालो लाग्थे । रोशी खोलाबाट घ्याम्पे खोलामा माछा चढ्थे । आरूखोलाका लालबहादुर तामाङ सम्झन्छन्, "यहि खोलामा कति माछा मारियो । अहिले त बगर छ । यो कुरा भन्दा अहिलेका मान्छेले पत्याउन मुस्किल छ ।"

नारान काकाको सम्झना पनि ताजै छ, घ्याम्पेमा खेलेको । खेती गरेको । "उ त्यो फँडिरको बोट नजिकै पोखरी र चौडिलो थियो । भैंसीलाई आहाल राख्न त्यहिँ ल्याउँथ्यौं", काका सम्झन्छन्, "सपनाजस्तो लाग्छ अहिले ।"

त्यहि फँडिरको छेउबाट बीपी राजमार्ग गएको छ । राजमार्ग कै छेउमा छ, ढुङ्गे दिदीको चिया पसल । नाम थाहा भएन, सबैले चिन्छन्, ढुङ्गे दिदी । दिदीले बनाएको सुकुटीको चर्चा गाउँदेखि शहरसम्मै छ । अहिले सुकुटी होइन चिया चल्दो रहेछ । "किन सुकुटी बन्द ?" स्वाद सम्झदै मैले सोधेँ । क्रसर बन्दको असर सुकुटीमा पर्यो । ट्रक ड्राइभरले सुकुटी चलेको साहुजीको भनाई थियो ।

मैले देख्दा घ्याम्पेमा काला ढुङ्गाको पहाडै थियो । २०११ सालको बाढी पहिराले घ्याम्पे फाँट सखाप बनाएछ । त्यसपछिको २०२८ सालको बाढीले पूर्णत बगर बनायो । नापीबाट गाउँलेले जग्गा कटाए । बाटो खुलेपछि घ्याम्पेमा क्रसर चल्यो । त्यसपछि नापी कटाएकोमा गाउँले पछुताए । के गर्ने ? न्याउरी मारी पछुतो जस्तो भो ।

चिया तयार भो । राजनीतिक कार्यकर्ता तथा व्यवसायी रमेश नेपाल भाइले रक्सीको नसा छाडेजस्तै ज्वालादेवी माविका प्रधानाध्यापक नारायण नेपालले चिया पिउन छाडेछन् । हरिबोल दाई र मैले चिया समात्यौं । रमेशले भन्यो, "आजको चिया कोटा पुग्यो ।" टिकटक बन्दको तातो बहस चल्दै थियो । युक्रेन र इजरायल वारको बहस पनि चल्यो । बहसमा रमेशले महाभारत युद्ध र रामायणको कथा जोड्छ । दुर्गा प्रसाईका फ्यान त्यतातिर पनि देखिए । गाउँमा दसैं अघि एक ज्येष्ठ नागरिकको हत्या भएको थियो । प्रहरीले अनुसन्धानमा आलटाल गरेको छिमेकीको गुनासो थियो । गाउँमा एकखालको त्रास कायम रहेछ । काभ्रे, रामेछाप र सिन्धुलीको सिमाना बजार क्षेत्र भएर पनि होला, सुरक्षा संवेदनशीलता अलि बढी नै छ । राजनीतिक कार्यकर्ता नवराज भण्डारी राजनीतिक तथा सामाजिक छलफलमा बढी चासो राख्छन् । घ्याम्पे खोलामा पुल बन्न सुरूभएको तिन बर्ष भएछ । अहिले अलपत्र छ । दुर्गा प्रसाईले घोषणा गरेको आन्दोलनबारे चर्चा चल्यो । राजनीतिक कार्यकर्ता धनबहादुर तामाङले बिद्युत गाडीको ब्यवसाय थालेछन् । उनले भने, "अहिलेसम्म व्यापार ठीक छ ।" अहिले बीपी मार्गमा बिद्युत गाडी बढेछ । राजनीतिक कार्यकर्ता तथा ब्यवसायी रमेश कोइरालाले बिद्युत गाडीको चार्ज स्टेशन थालेछन् आँपघारीमा ।

फाँटको छेउबाट बीपी राजमार्ग गएको छ । फाँटमाथि बस्ती छ । सो क्षेत्रकै गुणस्तरीय शिक्षा दिदैआएको सामुदायिक विद्यालय ज्वालादेवी मावि (अंग्रेजी माध्यम) छ । सो विद्यालयमा ५५० जति बिद्यार्थी अध्ययन गर्दा रहेछन् । बिद्यार्थी र किसानलाई पैदल हिँड्ने बाटो सडकमा छैन । यसले बेलाबखत दुर्घटना पनि निम्त्याएको रहेछ । प्रअ नारायण नेपालले भने, "सडकमा फुटपाथ भएन । गजुलीदह, आँपघारी, नेपालथोक र देवीस्थानलगायतका बालबालिका सडक छेउबाट हिँड्नु पर्छ । दुर्घटना जोखिम बढ्दो छ ।"

फँडिरको बोट ढलेछ । केहि हाँगा पलाएछन् । त्यो बोटमा ब्याङ्गेको गोला अचम्मले लाग्थ्यो । फँडिर टिप्न जोकोहिले सक्दैन थियो । हरिबोल दाइले भने, "बूढो बोटमा आएको हाँगा ठूलो भएपछि लाछिन्छ । त्यो बोटको फेदमा आइतबारे पुजा गरिन्थ्यो ।" वारिपट्टि पिपल पनि हुर्केछ । क्रसरले ढुंगा गहिरो गरी निकालेपछि घ्याम्पे बगरमा पानी उत्रिएको छ । घ्याम्पेको स्वादिलो पानी । एक अञ्जुली पानी पिएर लागियो, घरतिर । हतार त धर्मपथको अफिस पनि भ्याउनु छ ।

## सामाजिक सञ्जाल

गणतन्त्र यति कमजोर छैन कि एकजना टाट पल्टेको बैंक ऋणीले 'स्टन्ट' गर्दैमा जरा हल्लियोस् ।यदि गणतन्त्र त्यति कमजोरै रहेछ भने पनि नदी उल्टो बग्दैन । बरू, अर्को कुनै अतिवादले टाउको उठाउला तर मरिसकेको राजतन्त्र चिहानबाट फर्केर कदापि आउककदैन ।

➢ **बिष्णु रिजाल**

कमरेड

"गणतन्त्र"को बारेमा त यहाँले भने जस्तै होला!

तर हामी एमालेले केन्द्रीय सदस्यमा टीका लगाएर हौस्याइदिएको हुँदा प्रसाईं त्यस्कै आधारमा **public stunt** गर्दैथियो र आज एमाले माथि जाईलागेको छ ! मलाई त "यो 'लाई चलाएर मुखमा छिटा" जस्तो पो लाग्छ । तर एमाले जनमा डर चैं देखियो त?? नत्र त्यसलाई किन यत्रो महत्व दियौं त !! संघीयताको बारेमा पार्टीले जनतालाई सुसुचित गर्न सकेन कि?

➢ **डा. सन्तोष पौडेल**

यो त एमालेको मुल लाइन भन्दा बाहिरको तर्क भएन र कमरेड ? मंसिर ७ मा देखाए पो सबैकुरा बलियो हुन्छ । अझ टिकटक जस्तै जति मरिहत्ते गर्दा पनि ५० हजार लाइक नपुग्ने फेसबुक र दसौं लाख कार्यकर्ता भएर पनि पार्टी अध्यक्ष बा च्यानलमा १० हजारले पनि भिडियो नहेर्ने युट्युब पनि बन्द गरौं । तब न लोकतन्त्र र गणतन्त्र बलियो हुन्छ । नेताहरूको सम्पूर्ण चर्तिकला भाइरल हुन पनि पाउँदैन ।

➢ **माधवप्रसाद तिवारी**

बालुवाटारमा १२ बुदे पक्षधरको बैठक बसेर प्रचण्ड सरकारको समर्थनमा एमालेले पञ्चायतकालमा मण्डलले जस्तै आन्दोलनको प्रतिवादगर्ने गतिविधि गरे कम्युनिस्ट भ्रमबाट देशले चाँडोभन्दा मुक्ति पाउने थियो । ➢ **प्रकाश दुलाल**

तिमीहरूले देश टाट पल्टाउदै छौ व्यक्ति टाट पल्टिदा यति छट्पटी हुन्छ भने देशै टाट पल्टाउनेलाई छोड्ने हुन्छ। मरिसकेको राजतन्त्र त नफर्किएकला तर तिमिहरुको पाता फर्काउने बेला आउदैछ । गणतन्त्रको जरा हल्लिदैन बरु तिमिहरुको कानका जरा हल्लिने बेला आउदैछ अब ।

➢ **विवेक शाही ठकुरी**

जति फुई लगायपनि राजा परिबार कस्ले मारेको भन्ने कुरा १००% भारत को र शीत र अमरिका को रसित प्ररमाणछ जुन दिन तिमिहरू यी देश को सल्लाह नलिई कन नेपालमा पेट्रोल उत्खलन गर र मल कारखाना खोल फलाम कारखान खोल गोरखखालि टायर कारखना खोल धागो कारखना खोल कृषि सामाग्री नेपालमा उतपादन गर भारत बाट आउने कुखुरा माछा अन्डा टमाटर हरियो तरकारि फुल आफ्नै देशमा आफ्नै देशको किसानले उत्पादन गरेको बाहेक भारत बाट आउन लाई प्रतिबन्द गरेर देखाउ तेहि दिन देखि राजपरिवारको हत्यारा पत्ता लाग्छ केको लागि राजपरिवार मारेको भन्ने कुरा १००% भारत शीत वा अमरिका सिर परमाणछ ।

➢ **प्रकाश अर्याल**

संघियता र धर्म निरपेक्षता एवं कहिले बहुमत सरकार बन्न नसक्ने गरि राखिएको प्रावधान जनताले मन नपराएको संबैधानिक प्रावधान हो, यसलाई करेक्सन गर्ने दिशामा अघि बढनु होला नत्र राजनिति गारो छ है अब !!

➢ **दिपक रिजाल**

गलत! तपाईंहरुकै बा'हरुका साँटगाँटले टाँट पल्टाका उनका घुमाउरा अभिव्यक्तिहरुबाट बुझ्न कठिन छैन। सर्बसाधारणलाइ बचतबाहेक अरु नपत्याउने बैंकहरुले एकजना दुर्गा प्रसाइलाई ढुकुटीको सबै पैसा खन्याएका मार्षी भात र अधिबेशन खर्च जोडेरै होला। होइन भने सबै सम्पत्ति लिलाम गरेर असुलउपर गर्न केले रोकेको? किन कानुनी दायरामा ल्याउन नसकेको? दिउँसो गणतन्त्रका चर्का भाषण गर्ने र साँझ माफिया/डलरेहरुसँग चिसो)तातो लिने घाँटीहरु एउटै भएपछि नाममात्रको गणतन्त्रलाई दुर्गा प्रसाइहरु अबश्य नै भारी पर्ने भए। असली गणतन्त्र यही नै हो भने जनताले दलहरुलाई नै फिर्ता नगर्लान् भन्न सकिन्न।

लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो। एउटा राजा फालेर हजार राजाहरूको स्थापना होइन। जनताको दैनिकी झन् कठिन हुँदै जानु होइन। वर्तमान नेताहरुमध्ये लि क्वान र माहाथीरहरु बन्ने क्षमता छैन भने जनताले उनैलाई रोजिरहनु पर्ने कारण त्यै गणतन्त्र ल्याइदिएबापत मात्रै हो?

➢ **धुर्ब राज विष्ठ**

एक जना सामन्य नागरीक भनीयका पुर्ब राजा नाच्दा हल्लीने नाथे गणतन्त्र यति कमजोर भैसको कि यी दल हरु गर्दा धेरै ठूलो भकुम्प नै आउन नै पर्दैन जाब २ हेक्टर को आयपनी पुरै सखाप हुने स्थीती छ ।

➢ **बिनोद चौधरी**

नेपाली जनता लाई राज्तन्त्र र कुनै वाद चाहियको छैन । चाहे कुनै तन्त्र आओस, चाहे कुनै गणतन्त्र असोस त्यो ठूलो कुरा रहेनछ । गरिब जनताको जीवन स्तर माथी उठ्यो कि उठेन। गरिब जनताले स्वास्थ र शिक्षा पायकी पायनन, त्यो ठूलो कुरा हो। आज नेता हरु ले गर्दा नै यो देस को हालत यस्तो भको हो। ती नेता कै कारण ले ती एक जना बकम्पुसे ले टाउको उठाउने मौका। पाय। अझै पनि यहि ताल हो भने गणतन्त्र मासिने पक्का। छ। समय मै नेता हरु सुधिर्न अति आबस्यक छ। ➢ **गंगा रावल**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।



कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात

## सम्पादकीय

# गरिखाने वर्गको अबस्था दयनीय

विगत केही महिनादेखि अधिकांश मानिसको मुखबाट देशको अर्थतन्त्र खतरामा पर्दै गएको विश्लेषण सुनिदै आएको छ । उद्योगी-व्यवसायी, अर्थशास्त्रीदेखि लिएर दलका नेताहरूबाट समेत अर्थतन्त्र संकटमा पर्न थालेको तथ्य र तथ्यांकहरू प्रस्तुत गरिँदै आएका छन् । नेताहरूले अहिलेको आर्थिक विषयलाई राजनीतिक मसलाका रूपमा प्रयोगसमेत गर्न पछि परेका छैनन् ।

एकातिर अर्थतन्त्र जटिल बन्दै गएको विश्लेषण गरिँदै आएको छ भने अर्कोतिर सरकारी तथ्यांकमा भने अर्थतन्त्रका बाह्य पक्षहरू अत्यन्तै सबल रहेको तथ्यांक प्रस्तुत गरिँदै आएको छ जुन आफैंमा हाँस्यास्पद देखिन थालेको छ ।

पर्यटक आगमनको संख्या उच्च भई ऐतिहासिक रेकर्ड कायम गरेको, रेमिट्यान्स आप्रवाह पनि उच्च विन्दुमा रहेको, विदेशी मुद्राको सञ्चिति पर्याप्त रहेको, एक वर्षभन्दा बढी समयको वस्तु तथा सेवाको आयातलाई धान्न सक्ने विदेशी मुद्राको सञ्चिति रहेको, बैंकिङ प्रणालीमा तरलता सामान्य रहेको, कर्जा र निक्षेप अनुपात सहज रहेको, आयात नियन्त्रणमै रहेको, एकल अंकको हाराहारीमा ब्याजदर कायम रहेकोजस्ता तथ्य नेपाल राष्ट्र बैंकका तथ्यांकमा देखिन्छ ।

सामान्य अर्थमा नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार प्राय: सबै सूचक सकारात्मक नै छन् । अर्थतन्त्रका बाह्य सूचकहरू सकारात्मक हुँदाहुँदै पनि अर्थतन्त्र गम्भीर बन्दै गएको कुरा किन बारम्बार उठ्छ ? सामान्य मानिसको मनमा सधैं खड्किरहने प्रश्न हो । 'मेडिकल रिपोर्टहरू सबै राम्रा छन् तर मानिस बिरामी छ' भने जस्तै नेपालको आर्थिक अवस्था पनि अहिले त्यस्तै रहेको सामान्य बुझाइ छ ।

सरकारको एउटा अंकको रिपोर्टमा सबै सूचकहरू सकारात्मक छन् भनिन्छ । तर, परिणामले त्यस्तो देखाउँदैन । राजस्व संकलनको अवस्था कमजोर छ । पुँजीगत खर्च न्यून छ । सरकारलाई भुक्तानी सन्तुलन मिलाउन कठिन भइरहेको छ, सार्वजनिक ऋणको भार बढ्दै गएको अवस्थामा अर्थतन्त्रका सबै सूचक सहज र सकारात्मक छन् भनेर विश्वास गर्न पनि सकिँदैन ।

अर्थतन्त्रका सूचकहरू जे-जस्तो भए पनि यति बेला देशका गरिखाने वर्गका निम्ति भने अवस्था निकै चुनौतीपूर्ण बन्न थालेको छ र यसले अन्ततः यसले दुर्घटना निम्त्याउन सक्छ भन्ने तर्फ सरोकारवालाले हेक्का राख्न जरुरी देखिएको छ ।

# चीनको एक पोखरीमा तीन आँखा भएको जीव फेला



पूर्वी चीनको जियाङसु प्रान्तको बन्दरगाह सहर लियानयुङ्गाङमा एक व्यक्तिले पोखरीमा तीनवटा आँखा भएको झिंगा जस्तो जीव फेला पारेका छन् ।

विज्ञहरूले यो प्रजाति २० करोड वर्षभन्दा बढी समयदेखि रहेको पुष्टि गरेका छन् । एक जना फोटो ग्राफर ल्यान्युनगाङका गीतले पोखरीमा फोटो खिचिरहेको बेला यो अनौठो जीवहरू संयोगवश फेला परेको गोलोबल टाइम्स मिडियालाई भने, मलाई फोटो ग्राफीमा धेरै रुचि छ, र मैले फोटो खिचिरहेको थिएँ जब मैले पानीमा यस प्रकारको जीवलाई पौडी खेलिरहेको देखेँको उनको भनाई छ। यो निर्मम रूपमा पत्ता लगाइएको प्राणीको अण्डाकार पृष्ठीय खोल, लामो काँटेको पुच्छर र तीनवटा आँखाहरू छन्, दुबै छेउमा कालो कम्पाउन्ड आँखाहरू र बीचमा सेतो प्रकाश-संवेदनशील आँखाहरू छन्।

यो प्रजाति उत्तरी, उत्तरपूर्वी, पूर्वी र दक्षिणी चीनमा व्यापक रूपमा पाइन्छ र यसको प्राकृतिक बासस्थान र बढ्दो वातावरणमा सुधार हुँदै जाँदा यसको विस्तार बढ्दै गएको विज्ञहरूले बताएका छन्। विज्ञहरुका अनुसार यस जीवको बाँच्ने अवधि करिब ९० दिनको हुन्छ, र यसलाई बाँच्नको लागि निश्चित पानीको गुणस्तर र विशिष्ट तापक्रम चाहिन्छ, यसले मुख्यतया साना जलीय जीवहरूलाई समात्ने काम गर्ने उनीहरूको भनाइ छ ।

# अमेरिका र चीनबिच बढिरहेको प्रविधि युद्ध
# प्रबिधी प्रतिस्पर्धाले विश्वमा ध्रुविकरण बढ्दै

□ महेश्वर दाहाल

केही दिनअघि नेपाल सरकारले चिनियाँ लगानीको सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाएपछि अमेरिका र चीनबिच विश्वभरि बढिरहेको प्रविधि युद्धमा नेपाल पनि तानिएको छ । नेपाल सरकारले अश्लीलता र सामाजिक सदभाव भड्काएको भन्दै टिकटकमाथि प्रतिबन्ध लगाएको छ ।

नेपाल जस्तो लोकतान्त्रिक देशले जनस्तरमा गहिरो प्रभाव पारेको सामाजिक सञ्जालमाथि हठात् प्रतिबन्ध लगाएपछि यसो गर्नु ठीक कि बेठीक भन्ने बहस चर्किएको छ । सरकारले टिकटक प्रतिबन्ध लगाए पनि जस्केलाबाट यसको उपयोग भइरहेकै छ । कयौं वैकल्पिक प्रविधिका कारण पूर्ण प्रतिबन्ध लाग्ने अवस्थामा यो छैन । नेपालमा टिकटकले मात्र अश्लीलता र सामाजिक सद्भाव भड्काएको होइन । टिकटकमा अलि बढी नै कुलत पनि भएको हुनसक्छ । तर, यसको अरूको भन्दा बढी सकारात्मक पाटो पनि थियो । टिकटक सर्वसाधारणका लागि मनोरञ्जन गर्ने लोकप्रिय माध्यम बनेको थियो। देशका कुनाकाप्चाबाट प्रतिभाहरू प्रस्फुटित भइरहेका थिए । साना लगानीमा व्यापार, व्यवसाय गर्नेहरूलाई अवसर पनि थियो । ठुला लगानीका स्थापित मिडिया र ठुलाबडाले लुकाउन खोजेका कुराहरूलाई बाहिर ल्याउने वैकल्पिक मिडिया थियो। सही बाटो मा लैजान सक्ने हो भने नागरिक पत्रकारिताको बलियो आधार बन्न सक्थ्यो । यसैले पनि देशका ठुला व्यापारी, व्यवसायी र परम्परागत ठुला लगानीका मिडियाहरूले यसप्रति सौतेनी व्यवहार देखाइरहेका थिए । त्योभन्दा पनि महत्वपूर्ण कुरा भनेको पश्चिमाहरूको स्वामित्वमा चलेका सामाजिक सञ्जालभन्दा धेरै देशमा टिकटक लोकप्रिय भयो । आफ्नो पक्षमा प्रचारको बाढी बगाउने र नचाहेका सूचना लुकाउने त अमेरिकाको रणनीति नैं हो। त्यसैले आफ्नो पहुँच बाहिरका तर लोकप्रिय भएका वैकल्पिक मिडियालाई रोक्न खोज्नु अमेरिकी चाहना देखिन्छ । सबैजसो चीन विरोधी र केही अनुदार मुस्लिम राष्ट्रहरूले टिकटकमाथि प्रतिबन्ध लगाएका छन् ।

अमेरिकाले आफ्नो देशको राष्ट्रिय तथा साइबर सुरक्षाका लागि टिकटक माथि प्रतिबन्ध लगाउनुपरेको बताउँदै आएको छ । र, यसका लागि विश्वव्यापी अभियान चलाउँदै आइरहेको छ । तर, यस अभियान चलाउनुअघि अमेरिकाले चीनको इन्टरनेट कम्पनी बाइटडान्स, जसले टिकटक सञ्चालन गरिरहेको छ, लाई आफ्नो देशको चर्चित तथा प्रभावशाली कम्पनीलाई टिकटक बेच्न दबाब बढाएको थियो । अमेरिकी कम्पनीसँग टिकटक हुन्थ्यो भने अमेरिकालाई कुनै टाउको दुखाई नैं हुँदैनथ्यो । सायद टिकटकले यतिवेला विभिन्न देशमा प्रतिबन्धको सामना पनि गर्नुपर्दैन थियो ।

त्यसैले अमेरिकाले टिकटक प्रतिबन्ध लगाउने अभियान चलाउनुको पहिलो कारण यो चीनको इन्टरनेट कम्पनी बाइटडान्सको स्वामित्वमा रहनु हो । दोस्रो, चीनले प्रविधि र आविष्कारका हरेक क्षेत्रमा अमेरिकी वर्चस्वलाई चुनौती दिनु हो । टिकटक एपको माध्यमबाट आफ्नो संवेदनशील सूचना वा जानकारी चिनियाँ सरकार, कम्युनिस्ट पार्टी र सेनासम्म पुग्ने चिन्ता अमेरिकाको हो । यसले अमेरिकी नागरिकको गोपनीयता खतरामा पर्न सक्ने समेत उसले बताउँदै आएको छ । तर, टिकटिकले यसको खण्डन गर्दै आएको छ । उसले आफ्नो सूचना भण्डार चीनमा होइन, चीन बाहिर रहेको बताउँदै आएको छ ।

अमेरिकाले यसअघिनैं चीनको हुवावे र जेडटीई कम्पनीमाथि लगाएको आरोप पछिल्लो समय टिकटकलाई लगाउँदै आएको छ । हुवावे कम्पनीलाई अमेरिकी धुरीका धेरै देशले प्रतिबन्ध नै लगाए । फाइबजीलाई विश्वस्तरमै अमेरिकाले गरेको अवरोधका बारेमा धेरैलाई जानकारी नै छ ।

पछिल्ला वर्षका केही घटनाले के साबित गरेको छ भने आगामी दिनमा संसारका शक्तिशाली देशहरू बिच नयाँ तरिकाबाट शीतयुद्ध तीव्र हुनेछ, जो नयाँ प्रविधि हुनेछ। यसैले प्रविधिको यो लडाईंका कारण विश्व दुई ध्रुवमा बाँडिने खतरा बढेको छ। एकातिर चीनको ध्रुव र अर्कोतिर अमेरिका र उसका सहयोगी देशहरूको ध्रुव ।

प्रविधिबाट बदलिँदै गएको विश्वमा जुन देशले त्यसमा वर्चस्व स्थापित गर्छ, अझ भनौं कब्जा गर्छ, उही सबैभन्दा शक्तिशाली बन्ने देखिन्छ। अमेरिका प्रविधिमा आफ्नो वर्चस्व गुमाउन चाहँदैन । यो संघर्ष तीव्र बन्दै जाँदा नेपाल भने चीन र भारतलाई समदुरीमा राख्ने तथा अमेरिकालाई सन्तुलनमा राख्ने आफ्नो विदेश नीतिबाट स्खलित हुन खोजेको त होइन ? अमेरिका र भारतले श्रीलङ्का जस्तै नेपाल चीनतिर नजाओस् भनेर अलि बढी नै दबाब बढाएका त होइनन् ? टिकटक प्रतिबन्ध प्रकरणले यी प्रश्नहरू समेत पैदा भएका छन् । अमेरिकाको जो बाइडेन प्रशासनले चीनलाई आर्थिक, राजनीतिक, सैन्य र प्रविधिको दृष्टिकोणबाट सम्भावित प्रतिद्वन्द्वीको रूपमा मान्दै आएको छ। हिजो अमेरिका र सोभियत संघको शीतयुद्धमा प्रविधि, हतियार र अन्तरिक्षमा प्रभाव जमाउने प्रतिस्पर्धा थियो । आज पनि अमेरिका र चीनबिचको नयाँ शीतयुद्धमा प्रविधि नै महत्त्वपूर्ण बनेको छ । आर्टिफिसियल इण्टेलिजेन्स, फाइबजी लगायतसँग तीव्र होड चलेको छ । त्यसैले चिनियाँ प्रविधि र सामाजिक सञ्जालमाथि अमेरिकाले केही वर्ष देखि हस्तक्षेप बढाइरहेको छ ।

अमेरिका, जापान, अस्ट्रेलिया र भारत सम्मिलित अनौपचारिक रणनीतिक मञ्च क्वाडको एक साझेदार भारतले अमेरिकाका साथ कैयौं रक्षा सम्झौता अगाडि बढाएको छ । उसले अमेरिकासँग भौगोलिक सुरक्षाबारेको जानकारी आदानप्रदान गर्नका लागि बेसिक एक्सचेन्ज एन्ड कोअपरेशन एग्रिमेन्ट समेत गरेको छ । यसले भारत चीनविरुद्ध अमेरिका सहित भएर केन्द्रित हुँदै गएको देखाउँछ ।

भारतले २९ जुन, २०२० मा टिकटकसहित अन्य ५९ चिनियाँ-निर्मित एपहरूलाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको थियो । तिनलाई भारतको सार्वभौमसत्ता र अखण्डताबारे पूर्वाग्रही भनिएको थियो । त्यो प्रकरण भारतीय र चिनियाँ सेनाहरूबिचको झडपको प्रतिक्रियामा आएको थियो । सवा अर्ब बढी नागरिकहरूको डेटा र गोपनीयताको रक्षा गर्न तथा भारत बाहिरका गुप्त एवम् अनधिकृत प्रयोगकर्ताको डेटा प्रसारण गर्ने प्रविधि रोक्न यसो गरिएको बताइएको थियो ।

नेपाल जस्तो भूराजनीतिक हिसाबले संवेदनशील र एउटा लोकतान्त्रिक देशले सन्तुलित, सृजनशील र रचनात्मक रूपमा अगाडि बढ्नुपर्छ। टिकटक प्रतिबन्ध प्रकरणले सामाजिक सञ्जालमा पनि एक पक्षलाई निर्बाध छाड्ने तर अर्को पक्षलाई निषेधको बाटो अपनाउने संकेत हो । सकेसम्म त आफ्नै सामाजिक सञ्जाल बनाउन पहल गर्ने, जसले हाम्रो संस्कृति र सार्वभौमसत्तालाई नै सुदृढ गराउँछ । तत्काल त्यो सकिँदैन भने भएकै सञ्जालहरूलाई नियमन गर्ने हो । सामरिक स्वार्थमा प्रयोग भएको झल्को आउने गरी एकलाई निषेध र अरूलाई निर्बाध गर्ने होइन ।

अमेरिकाको इण्डो- प्यासिफिक रणनीति र चीनको बीआरआई परियोजना बिच सन्तुलित विदेश नीति कसरी बनाउने ? भारत र चीनजस्ता शक्ति राष्ट्रको सार्वभौम छिमेकी हुनुको दायित्व के हुने ? आफ्नो असंलग्न परराष्ट्र नीतिलाई बचाइराख्न सक्ने कि नसक्ने ?

एउटा पक्षलाई निर्बाध मैदान दिने र अर्को पक्षलाई निषेध गर्ने हो भने हामी अनन्त: द्वन्द्वमा फस्छौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पछिल्लो समय संस्थागत र स्थापित गर्न खोजेको चीन, भारत र अमेरिकासँगको सन्तुलित परराष्ट्र नीतिबाट विचलित हुने होइन कि असंलग्न परराष्ट्र नीति अपनाएर सबै पक्षसँगको विश्वास सुदृढ गर्नुपर्छ । टिकटक प्रतिबन्ध प्रकरणले त्यस विश्वासमा धेरैले प्रश्न उठाएका छन् ।

(लेखक: नेकपा (माओवादी केन्द्र सिन्धुलीका कोअर्डिनेटर हुन् ।)

# अमेरिकी स्वार्थमा बन्द गरिएको टिकटक र सरकार

□ दिपा भण्डारी

आफु सत्तामा हुँदा आफू अनुकूलको प्लेटफर्म चाहिने र जुन पार्टी सरकारमा जान्छ, सामाजिक सञ्जालले उनीहरुका नराम्रा कामहरुलाई च्यालेन्ज गरेको अवस्थामा उनीहरू सामाजिक सञ्जालसँग डराउने गरेको तथ्य कहींकतै लुकेको छैन ।

'२०६३ सालयताको अवस्थालाई हेर्दा जो सत्तामा, शासनमा पुगेको हुन्छ, उनीहरूलाई आफ्नो विरुद्धमा आवाज नउठे हुन्थ्यो भन्ने लाग्छ। त्यही अवधारणाले उनीहरू काम गर्छन् । उनीहरूमा हामी सबैभन्दा ठुला हौं, हामीले भनेको जस्तो हुनुपर्छ, हामीले भनेको मान्नुपर्छ भन्ने खालको धारणा हुन्छ । यसरी टिकटक बन्द गर्नु अहिलेको शासकीय चरित्र पनि टिकटक बन्द प्रकरणले प्रष्ट पारेको छ ।'

राजनीतिक पुरातनवादको मथिंगल हल्लिरहेको बेलामा टिकटकको प्लेटफर्मले हामीलाई साथ दिइरहेको छैन, हामी कमजोर भइरहेका छौं भन्ने प्रचण्ड सरकारकारका अनुयायीको अनुभूतिको कारण अहिले यो अवस्था आएको हो । चाहे प्रजातान्त्रिक भनिएका हुन् चाहे अरु सबै सामाजिक सञ्जालका प्लेटफर्महरू सबै आफ्नो कब्जामा आउँछन् भन्ने चाहनाले प्रतिबन्धको कर्मसम्म ल्याएको हुनसक्छ । समग्रमा हेर्दा फरक मतलाई नियन्त्रण गर्ने आशयले प्रचण्ड सरकारले टिकटकलाई बन्द गरेको अर्थका रुपमा धेरैले टिप्पणी गरिरहेका छन् ।

मिडिया तथा सामाजिक सञ्जाल लाई तिनीहरूमा गैर कानुनी कन्टेन्ट आए अहिले भइरहेका कानुनको कार्यान्वयन गरेर र त्यस्ता सामाजिक सञ्जालका कम्पनीलाई नेपालको कानुन अनुसार चल्ने गरेर नियमन गर्न सकिने अवस्था हुँदाहुँदै पनि अमेरिकी स्वार्थमा चिनियाँ सामाजिक सञ्जाल टिकटक मात्रै बन्द गर्ने कार्यले सत्ता टिकाउने उदेश्यबाट प्रेरित भएको त होइन ?

टिकटक लगायतका सामाजिक सञ्जाल नियमनका दुई वटा पाटा भएको र पहिलो पाटो भनेको प्लेटफर्मको नियमन भएको देखिएको छ । त्यसको दर्तादेखि लिएर सञ्चालन सम्बन्धी विषय, त्यसका आर्थिक व्यापारिक कारोबारहरू हाम्रो कानुनअनुसार हुने गरी नियमन गर्न सकिने आधार हुँदाहुँदै पनि सरकारले अमेरिकी स्वार्थमा टिकटक प्रतिबन्ध लगायो ।

कुनै पनि व्यवसाय नेपालमा सञ्चालन गर्दा कसरी सञ्चालन हुनुपर्छ भन्ने तरिकाबाट यहाँ बिधिवत दर्ता हुने, सूचीकृत हुने, त्यसको सम्पर्क व्यक्तिदेखि लिएर नेपालमा त्यसको सम्पर्क स्थल कहीं न कहीं हुनुपर्ने तरिकाबाट नियमन गर्न सकिने सरोकारवालाहरुले बताउन थालेकाछन् ।

टिकटक लगायतका सामाजिक सञ्जालमा राखिएका कन्टेन्टमाथि नियमन गर्नुपर्ने र त्यसमा राखिने सामग्रीहरूको बारेमा पनि सामाजिक सञ्जाललाई जिम्मेवार बनाइनुपर्ने प्रश्न टिकटकमाथि मात्रै होइन फेसबुक, यूट्यूब लगायतमाथि पनि उठेको छ । तर सरकारले अरुलाई आँखा चिम्लेर निक टिकटकमात्रै देख्यो भन्ने प्रश्नले अहिले सबैको ध्यान तानेको छ ।

नेपालमा सञ्चालन हुने सञ्जाल लाई करको दायरामा ल्याउने र भोलि सञ्जालमा गलत कुरा आउँदा उनीहरूसँग सिधा सञ्चार गर्नसक्ने अवस्था बनाउनुपर्ने हो । अहिले भएका कानुन र सामाजिक सञ्जाल तथा इन्टरनेट साक्षरता मार्फत जनचेतना फैलाएर पनि नियमन गर्न जरुरी छ । आफ्नो बिरोधमा आवाजहरु उठ्न थाले पछि त्यो आवाजनैं बन्द गराउने प्रचण्ड शैलीले थप अस्थिरता र अराजकता निम्त्याउने तर्फ सचेत बन्न जरुरी छ ।

# सिन्धुलीका वालिकाहरू बने एक दिने जनप्रतिनिधी

**सिन्धुली**/ जिल्ला समन्वय समिति सिन्धुलीकी सभापति झरना बखेलले समाजमा अझै पनि छोरीले केही गर्न सक्दैनन् भन्ने मानसिकता रहेको भन्दै छोरीलाई पनि साथ र स्वतन्त्र छोड्ने हो भने नेतृत्वमा आउन सक्ने बताएकी छिन् । जिल्ला समन्वय समिति सिन्धुलीको सभापतिको पदभार ग्रहणगर्दे झरनालेसो कुरा बताएकी हुन् । विकास र परिवर्तनका धेरै कुरा गरे पनि किशोरीका सवालमा भने स्थानीय निकायबाट पर्याप्त कामहरू हुन नसकेको उनले खुलाइन् ।

बखेल 'गर्ल्स टेक ओभर' अर्थात् ' बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम अन्तर्गत जिल्ला समन्वय समिति सिन्धुलीको एक दिने प्रमुख बनेकी हुन् । सञ्चार कर्मी र विभिन्न गैर सरकारी संस्थाका अधिकारीहरु बीच भएको कार्यक्रममा समन्वय प्रमुख कारसाङ लामाले झरनालाई जिल्ला समन्वय समिति सिन्धुलीको प्रमुखको जिम्मेवारी सुम्पेका थिए ।

आफूलाई सो पद हस्तान्तरण गर्नु भएकोमा धन्यवाद दिँदै झरनाले समन्वय प्रमुख लामासँग जिल्ला समन्वय समितिले गरि रहेको काम र आगामी दिनमा गर्ने कामको बिबरण सोधेकी थिइन् । जिल्लामा नै वटा स्थानीय तह भएको र स्थानीय तहमा लक्षित वर्गको कार्यक्रम लक्ष्य अनुरूप विनियोजन हुन नसेको र जिल्लामा भएका विभिन्न गतिविधिको बारेमा समन्वय समितिले अनुगमन गर्दै आएको कारसाङ लामाले नव नियुक्त प्रमुखलाई जानकारी गराएका थिए । सबै स्थानीय तहमा गैर सरकारी संस्थाको पहलमा विभिन्न किसिमका विकास र परिवर्तनका गतिविधि भएको भन्दै उनले गैर सरकारी संस्थाको सहयोगले जिल्लाको विकासमा टेवा पुगेको दाबी गरेका थिए ।

त्यसैगरी गोलन्जोर गाउँपालिका सिन्धुलीकी अध्यक्ष सुश्रिता श्रेष्ठले आफ्नो पालिकाभित्र बाल बिवाह रोकथाम र न्यूनिकरण पहिलो



प्राथमिकता रहेको बताएकी छिन् । गाउँपालिका अध्यक्ष शंकरराज बराललेे खादा लगाएर पालिका अध्यक्षमा पदस्थापन गराएपछि श्रेष्ठले सो कुरा बताएकी हुन् ।

उनले समाजमा बाल बिवाहले नराम्ररी जरा गाडेको बताउँदै त्यसको रोकथाम र न्यूनिकरणका लागि जटिलता रहेकोसमेत खुलासा गरिन् । वालबिवाह रोक्नलागि हामीले अभियान थाल्ने छौं, तर केही यस्ता उदारहरणहरु छन्, जसलाई रोक्न खोज्दा आत्महत्या गर्छु मर्छु भनेर आउँदा रहेछन्, त्यस्ता बिबरणले हामीलाई केही असहजता देखाएपनि सामाजिक कुरिति र अन्धविश्वास मात्रै होइन कानूनले निर्दिष्ट गरेको अपराधलाई रोक्नु आफ्नो पहिलो कर्तव्य भएको बताइन् ।

पदभार ग्रहण गर्ने क्रममा प्रत्येक विद्यालयमा किशोरी मैत्री शिक्षा र एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गर्ने बताउँदै अध्यक्ष श्रेष्ठले प्रत्येक स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती र महिनावारीका लागि आवश्यक सामाग्रीहरु निःशुल्क रुपमा उपलब्ध गराउने खुलाइन् । त्यसैगरी उनले पालिकाको नीति निर्माण तह र योजनाहरु छनोट प्रक्रियामा किशोर किशोरीहरको संलग्नताको सुनिश्चितता गराउने प्रतिवद्धता जनाउँदै पूर्व अध्यक्षले सञ्चालन गर्नु भएका राम्रा र जनप्रिय योजनाहरुलाई आफुले पनि निरन्तरता दिने उल्लेख गरिन् ।

कार्यक्रममा पूर्व अध्यक्ष शंकर बराललेे नवनियुक्त अध्यक्षलाई सफल कार्याकालको शुभकामना दिईरहँदा वर्षिया किशोरी यथार्थमा गोलन्जोर गाउँपालिकाकी अध्यक्षनैं हुन् भन्ने झल्को दिइरहेको थियो ।

अध्यक्ष श्रेष्ठ अर्न्तराष्ट्रिय गैर सरकारी संस्था प्लान नेपालको 'गर्ल्स टेक ओभर कार्यक्रम' अन्तर्गत एक दिनका लागि गोलन्जो गाउँपालिकाको अध्यक्ष पद सम्हाल्न पुगेकी थिइन् । सो कार्यक्रमले बालिकाहरुलाई नेतृत्वमा पुग्नका लागि हौसला प्रदान गर्ने र आत्मबल बढाउने, प्रेरित गर्ने र जिम्मेवारी लिएपछि सो पद अनुसारको कर्तव्यबारे छलफल गराईदै आएको जनजाति विकास समाजका कार्यक्रम संयोजक उज्वल न्यौपानेले बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपाने पुकार, नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य निर्मल रम्तेल, वडाध्यक्षहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा यो कार्यक्रमको आयोजना गरिएको जेएसडिपीले जनाएको छ ।


## वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धि अनुरोध

*वन डढेलोको कारण धन, जन, वन र वन्यजन्तु विनास तथा हरित गृह ग्याँस उत्सर्जनबाट जलवायु परिवर्तन हुनगई मानवजीवन लगायत जैविक विविधतामा नकारात्मक असर पर्दछ । त्यसैले आगलागी तथा वन डढेलो लाग्न नदिन पूर्व तयारी गरौः–*

- वन्यजन्तुको बासस्थान संरक्षण तथा जैविक विविधता संरक्षणको लागि वन क्षेत्रमा आगोलागि हुनबाट बचाऔं ।
- सामुदायिक वनको आम भेलामा वन डढेलोको कारण, रोकथाम, यसबाट देखा पर्ने असर र नियन्त्रणका उपायहरुको बारेमा विचार विमर्श गरौं ।
- वन क्षेत्रमा डढेलो लाग्न नदिन रेखदेखको लागि अग्नि नियन्त्रण समूह गठन गरी पालो पहराको व्यवस्था मिलाऔं ।
- वनमा अग्नी नियन्त्रण रेखा निर्माण तथा नियमित मर्मत र सरसफाई गरौं ।
- गोठाला तथा आम उपभोक्तालाई सलाई लाइटर जस्ता प्रज्वलनशिल वस्तु लिइ वन प्रवेश गर्न निषेध गरौं ।
- चुरोट बिडीका टूटा राम्रोसंग निभाएर मात्र फालौं ।
- नयाँ घाँस पलाओस् भन्ने अभिप्रायले या शिकार खेल्न तथा वन्यजन्तु लखेट्न वनमा डढेलो लगाउने नगरौं,
- आगो लागेको देख्नामा जानकारी पाउना साथ समुहका उपभोक्ताहरु मिली तत्कालै आगो निभाउने कार्य गरौं।
- वन डढेलो नियन्त्रण भन्दा बाहिरको परिस्थिति देखिएमा नजिकैको डिभिजन/सव डिभिजन बन कार्यालय वा सुरक्षा निकायलाई जनकारी गराई आवश्यक सहयोग मागौं ।

**नोट:- बनमा याद राखौं, वनमा डढेलो लगाउनु तथा वन्यजन्तुको शिकार गर्नु अपराध हो । यस्तो कार्य गर्ने गराउनेलाई वन ऐन २०७६ र प्रदेश ऐन २०७६ अनुसार बिगो असुल गरी रु. ६० हजार सम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै संजाय हुनेछ ।**

**डिभिजन वन कार्यालय सिन्धुली**
**सिन्धुलीमाढी**
**बागमति प्रदेश, नेपाल**


## गोलन्जोरमा जुनार, सुन्तलाको उत्पादन घट्यो



**सिन्धुली**/ सिन्धुलीको गोलन्जोर गाउँपालिकामा यो वर्ष जुनार, सुन्तलाको उत्पादन घटेको छ । जुनार, सुन्तला उत्पादनको पकेट क्षेत्र मानिने गोलन्जोर गाउँपालिकामा यो वर्ष जुनार, सुन्तला उत्पादनमा झण्डै १० करोडले घट्ने भएको हो । गत बर्ष जुनारबाट कृषकहरुले अनुमानित ५५ करोड आम्दानी लिएकोमा यो बर्ष अनुमानित ४५ करोड मात्रै लिनसक्ने देखिएको छ । जुनार, सुन्तला उत्पादनमा अग्रणी मानिएको गोलन्जोरमा गत बर्ष भन्दा यो बर्ष कृषकहरुको जुनार, सुन्तलाबाट कम आम्दानी हुने गोलन्जोर गाउँपालिकाका उपाध्यक्ष तथा कृषि संयोजक ज्वाला प्रसाद न्यौपाने (पुकार) ले बताउनु भएको छ। गाउँपालिकाले निर्धारण गरेको मूल्यबाट नै मनग्य आम्दानी लिएका गोलन्जोरका कृषकहरुले यसपाली जुनारको बगैंचामा लागेको सुँढे पुतलीका कारण उत्पादन घटेसंगै आम्दानी पनि घट्ने कृषि संयोजक न्यौपानेले बताउनुभयो । जुनारको हरियो फलमै सुँढे पुतली लागेपछि गाउँपालिकाले जुनार सुपर जोनसँग समन्वय गरेर नार्कबाट किरा विज्ञहरु ल्याएर अनुसन्धान तथा रोग नियन्त्रणको लागि पहल गरेको कृषि संयोजक न्यौपानेको भनाई छ ।

"पुतली नियन्त्रणको लागि प्राटिन बेट बिषादीको प्रयोग र विज्ञ, प्राविधिक तथा कृषकहरुले लगातार प्रयास गरेपछि बाँकि बसेको जुनार अहिले बजारमा आएको छ" उहाँले भन्नुभयो । अर्को बर्ष बाहिरबाट जुनारको विरुवा ल्याउनको निम्ति गाउँपालिकाले प्रतिबन्ध लगाउने तयारी गरेको उहाँले बताउनु भयो । बाहिरबाट ल्याइएको बिरुवामा विभिन्न किसिमका रोग समेत भित्रने गरेको किरा विज्ञहरुको भनाई छ । यो बर्ष प्रत्येक जुनार, सुन्तला व्यवसायिले सामान्यतया २० लाख देखि माथि आम्दानी लिने समेत उहाँले बताउनु भयो ।

उत्पादन घटेकोले यो बर्ष बजारीकरणको लागि जिल्लाकै बजार र काठमान्डौंमा बाहेक अन्यत्र जुनार पुर्याउन नसकिने किसानहरुको भनाई छ । गोलन्जोर गाउँपालिकाले बगैंचामा जुनारको मूल्य ५० रुपैयाँ प्रतिकिलो निर्धारण गरेको छ ।


**सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर**

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरुको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ ।





**सिन्धुली भेट फर्मा**





कमलामाई ६ स्टलवजार, सिन्धुली फोन: ०४७-५२०२१२ मोवाइल: ९८४४०४१०१५

# युवराज कंडेलको कथा : एक शहरमा एक साता

**आइतबार:**
शहरको एक व्यस्त बसस्टपमा केटाले केटीलाई देख्यो, केटीले केटालाई देखी । दुवैका आँखा एक आपसमा जुधे । केटो केही मुस्कायो, केटी केही लजाई । दुवैका मुटुको धड्कन केही तीव्र भयो । केटोले देख्यो-केटी अप्सरा झैँ छे । केटीले मनमनै भनी - केटो हिरो झैँ छ । केही बेरपछि बस आयो । केटी बसमा चढी, सिटमा बसी, बस गुड्यो । केटीले झ्यालबाट टाउको निकाली । केटाले हात उठाएर बाइ गऱ्यो । केटीले पनि प्रत्युत्तरमा हात हल्लाई । केटाले धेरै बरसम्म बस गएको दिशातर्फ हेरिरह्यो ।

**सोमबार:**
केटीलाई देखेपछि केटाको भोक प्यास, निद्रा, चैन सबै हरायो । केटीलाई पनि त्यस्तै भयो । केटाले ती केटी बिना जीवन निरास भएको महसुस गर्यो । केटाले त्यो केटीबिना जीवन निरस भएको महसुस गऱ्यो ।
केटाले एफ. एम रेडियोको प्रो ग्राममा फोन गरेर भन्यो, "हिजो फलानो बस स्टपमा भेटिएकी, छुट्टिने बेलामा 'बाइबाइ' भन्दै जाने लजालु अप्सरालाई उही ठाउँमा भेट्न अनुरोध गर्दै गीत सुनाउन चाहन्छु ।" रेडियोबाट आएको सन्देश केटीले बुझी । केटी निकै खुशी भई ।

**मंगलबार:**
दिउँसो बोलाएको भएपनि केटा र केटी बिहानै बस स्टपमा पुगे । दुवै जना महँगा कपडामा निकै आकर्षक देखिएका थिए । केहीबेर दुवैजनाले हेराहेर गरे । आँखाको भाकामा कुराकानी गरे । केहीबेर पछि दुवै जना परिचित भए । केटाले मोटरसाइकल ल्याएको थियो । त्यही मोटरसाइकलमा चढेर दुवैजना शहर नजिकैको एकान्त पार्कमा गए । एकान्त ठाउँमा बसेर केटा र केटीले मिठामिठा कुरा गरे, माया प्रेमका कुरा गरे । केटाले केटीको काखमा टाउको राख्यो । केटीले केटाको छातीमा टाउको टेकाई । पार्कपछि केटा र केटी शहरको महँगो रेस्टुरेन्टमा गए । मोबाइल नम्बर साटासाट गरे । फेसबुकमा एक अर्कालाई साथी बनाए । साँझपख उनीहरू त्यहाँबाट निस्के । केटाले केटीलाई मोटरसाइकलमा र खेर घर पुर्याएर फर्क्यो । घरमा पुग्ने बित्तिकै केटाले केटीलाई मेसेन्जरमा लभ इमोजी पठायो, केटीले किस गरेको इमोजी पठाई ।

**बुधबार:**
बिहानै केटा र केटीले लामो च्याटिङ गरे । केटा र केटी दुवै भित्र प्रेमको आगो दन्किँदै गयो । केटाले केटी बिना र केटीले केटा बिना बाँच्नै नसक्ने महसुस गरे । एक अर्काबिना केटा र केटीलाई आफ्नो जीवन ब्यर्थ लाग्यो । केटालाई छटपटी भयो । ऊ मोटरसाइकल लिएर केटीको घर अगाडि पुग्यो । केटीका आँखा बाटो तर्फ नै थिए । केटाले इशारा गर्यो । केटीले इशारा बुझी । घरकालाई छलेर केटी एकान्त ठाउँमा पुगी । भेट भए । माया साटासाट गरे । एकार्काबिना बाँच्न नसक्ने कुरा सुनाए । केटा र केटीले भागेर विहे गर्ने निधो गरे ।

**बिहीबार**
केटाले केटीलाई भगायो अर्थात् केटासँग भागी । मन्दिरमा गएर केटाले हात काटेर केटीलाई रगतको सिन्दूर लगा दियो । भगवानको मूर्तिको सामुन्ने दुवै जनाले जुनीभर सँगै बाँच्ने सँगै मर्ने बाचा बन्धन गरे । केटीलाई पत्नी बनाउन पाउँदा केटोले आफूलाई निकै भाग्यमानी र केटालाई पति बनाउन पाउँदा केटीले आफ्नो जीवनको लक्ष्य पुरा भएको सुनाए । त्यस दिन उनीहरु अर्को शरहमा पुगे र त्यहाँको होटेलमा उनीहरू हनिमुन मनाए । "तिमि भएपछि मलाई अरू के चाहियो भन्दै केटीले आफ्नो फेसबुक र टिकटक आइडी डिलिट गरी । केटो मख्ख पर्यो ।

**शुक्रबार:**
साँझपख केटोले आफ्नी नवदुलही अर्थात् केटीलाई आफ्नो घर लग्यो । केटाको घर देख्दा केटी झण्डै मुर्छित भई, किनकि उसको हेन्डसन लोग्नेको घर उसले सोचे जस्तै महल नभएर झुपडी थियो । गह्रौं मन बनाएर केटीले घरभित्र पाइला टेकी । केटीले घरको कुरा निकाली । केटोले 'केही समयलाई मात्र हो' भनेर कुरा बनायो । त्यो रात लोग्ने स्वास्नीबीच त्यति सारो गफगाफ र माया साटासाट भएन ।

**शनिबार:**
विहानपख केटाले केटीको गहना माग्यो, घरको लागि सरसामान किन्न । केटीले गहनाहरू नक्कली भएको कुरा बताई र घर चलाउन मोटरसाइकल बेच्न सल्लाह दिई । केटोले झर्किंदै मोटरसाइकल साथीको हो भन्ने कुरा बतायो । केटो धनी छ, मोज गर्न पाइन्छ भनेको त भिखारी पो रहेछ भन्ने आरोप केटीले लगाई । केटोले पनि धनी केटी फसाएर ससुरालीको सम्पत्ति खाने जुक्ति निकालेको त कङ्गाल केटीसँग पो फस्न पुगिएछ भन्ने व्यथा खोल्यो । केटाले केटीलाई गाली गर्यो केटीले केटालाई धम्की दिई । झगडा चल्यो ।
केहीबेर पछि एउटी महिला सानो छोरीलाई डोर्याउँदै आई । महिलाले केटालाई गाली गरी र केटीलाई मेरो सौता बन्न आएकी कुलच्छिनी भनेर झकुर्न थाली । त्यसैबेला अर्को लोग्ने मान्छे आयो । उसले केटीलाई थप्पड लगायो, गाली गर्यो । केटालाई मुखमा थुकिदियो । केटाले जबर जस्ती ल्याएको हो भन्ने कुरा केटीले लोग्ने मान्छेलाई सुनाई । अर्काको स्वास्नीमाथि आँखा लगाउने लोफर, गुण्डा भन्दै लोग्ने मान्छेले केटोलाई २०-३० मुक्का लगायो । नाक कुच्चाइदियो, एउटा दाँत झार्यो । लोग्ने मान्छेले केटीलाई लतार्दै बाटो तर्फ लग्यो र स्वास्नी मान्छेले केटोलाई गाली गर्दै घरभित्र पसी ।

# शिबु ढकालको लघुकथा : मृत्यु

"अनपेक्षित घटना भयो । अचेल मानिसहरू फुस्स फुस्स जान थाले ।" डोरमानले भन्यो ।
"पत्याउनै गाह्रो । हिजोसम्म हाँस खेल गरेको मान्छे । आज छैन ।" श्रीमतीले थपी ।
"कोही हृदयाघातले, कोही मस्तिष्क घातले, कोही अर्बुदले, कोही यस्तै यस्तै अरूले । मृत्यु धेरै सहज हुँदैछ । र झन् आकस्मिक पनि ।" डोरमानले फेरि भन्यो ।
त्यस आकस्मिक भनिएको मृत्युको खबरले डोरमानलाई आफ्नै मृत्युप्रति संवेदनशील तुल्यायो । उसले गम्भीर भएर सोच्यो । "म अचानक ढलेँ भने मेरो परिवार सडकमा आउने स्थिति छ । न त मसँग सम्पत्ति छ न त छोडेर जानलाई कुनै विरासत । मैले मृत्युको योजना बनाउनै पर्छ ।"
डोरमानले आफ्नो जीवन बिमा गरायो । अलिकति पुँजी बजारमा लगानी गऱ्यो । गाउँको छोडेको बारीमा फलफूल लगायो । श्रीमतीलाई अलिअलि वित्तीय शिक्षा दियो । एम्बुलेन्स र ट्याक्सीको फोन नम्बर पनि लेखेर राख्यो । यति गरेपछि उसलाई अलिक सन्तोष भयो । उसले श्रीमतीलाई भन्यो, "चिन्ता नलेऊ । जीवनको के भरोसा छ र । अचानक म रहिनँ भने पनि तिमीहरूलाई पाँच वर्ष बसेर खान पुग्छ । त्यसपछि छोराछोरीले पनि कमाउन थाल्लान् ।"
"यस्तो कुरा गर्दै नगर्नुस् । मृत्यु हाम्रो विषय होइन । जीवनको बारेमा सोचौं ।" श्रीमतीले भनी ।
"मृत्युको आभास मात्र पाए पनि मानिस के गर्दो हो ? जसरी जागेपछि निदाएको थाहा हुन्छ, सम्झेपछि बिर्सेको सम्झना हुन्छ ठिक त्यसरी नै जन्मेपछि मरेको किन स्मरण हुँदैन ?" उसले भन्यो ।
डोरमानले परिवारको आर्थिक सुरक्षाका ढोकाहरू खोलेको छ महिना मात्र भएको थियो । उसको अघोषित मृत्युको योजना कार्यान्वयनमा आइसकेको थियो । एक दिन उसकी श्रीमती अचानक बाथरुममा ढली । उसले श्रीमतीलाई तत्काल अस्पताल पुऱ्यायो । डाक्टरले केही औपचारिकता र केही जाँचपछि भन्यो, "सरी अलिक ढिलो ल्याउनुभयो ।"


सडकको संरक्षण गरौं ।
सफा राखौं ।
जथाभावी फोहोर नफालौं ।
यो कार्य गर्नु समस्त नागरिकको कर्तव्य पनि हो ।
सहरी विकास तथा भवन कार्यालय, सिन्धुली


# सातको कविता

## धमिलो तिहार

सुमन घिसिङ

सयपत्रीले शृङ्गारिएको गाउँ देखेर
झिलिमिलीले रङ्गिचङ्गिएको सहर देखेर
दिदीसँगै सप्तरङ्गी टीका भिरेर
फोटो खिच्ने रहर मेरो पनि थियो
दिदीको भाइ भेट्ने भाइको दिदी
दुवैको सपना कतै छुट्यो
बाँस झाङमा आगो सल्केदेखि
सारौँ र बकुल्लोको बास छुटे सरी
यसपटक आफूलाई माला र टीका
लाउने कोही नआएपछि
कराइरहेका छन्
वियोगका गीत गाइरहेका छन्
कुकुर अनि गाईहरू
ढोका, झ्याल, भुइँ भित्ता सबैसबै
आफू फुस्रो भएको लागेर
खोजिरहेका छन् घर लिप्ने र पोत्नेहरू
आँगन र बारीभरिका मखमली, सयपत्रीले
खोजिरहेका छन् आफ्नो माली
आफूलाई खोज्न किन आएन भनी
दुख त सासको अर्को रूप रहेछ गरिबको
हिजो पनि थियो आज पनि छ
त्यै पनि चाडपर्वमा बढी दुखाउँदो रहेछ
दिदीको आशामा खुत्रुके फुटाएर
बसेको भाइ रोइरहेको छ
दिदीको पाउमा नपरेको मुहार
सप्तरङ्गी टीका नलगाएको निधार
अपुरो र अधुरो हुन्छन् रे भन्ने सुनेर
चर्किएको घर, बुबाको चाउरिएको अनुहार
भोकाएको गोजी देखेरै
फुपूले उता सहरमै बनायो रे
अर्को दाजुभाइ
आमाको पनि हाल उस्तै छ
रोइकराई बसेकी छिन्
मामाले अर्कै दिदीबहिनी बनाए रे
आमा भ्याउँदैन भन्ने बहानामा
देउसी भैली पनि आउँदैनन् हाम्रो घरमा
चुहिएको छानो देखेर
आउँछन् त आँगनभरिका
सयपत्री र मखमली फाँड्नेहरू
भाइटीकामा सपरिवार
वनवास जाने भन्छन् बा
त्यहाँ कोही तर्साउन आउँदैनन् रे
सप्तरङ्गी टीका लगाएकाहरू
अघाएकाहरू
मुहारभरि हाँसो बोक्नेहरू
त्यसैले दिदी अर्को साल चैँ
पक्कै आउनु है
मलाई घरैमा बस्ने रहर छ
विवाह पनि गरिबसँग गर्नुस् है
धनीसँग गरे बा आमा जस्तै
म पनि रुनुपर्छ
यसपटक चित्त बुझाउला
अर्को साल चर्किएको घर
सँगै लिपौंला, टालौंला
सहर जस्तै झिलिमिली पारौंला
बा आमाका फाटिएका लत्रिएका मनहरू
त्यसैले अर्को साल पक्कै आउनु है दिदी


प्रतिक्षा मेडिकल हल
एण्ड कायरा फार्मेसी
कमलामाई नगरपालिका-४, ढुंग्रेबास सिन्धुली
०४७-५२००४१, ५२०१५६
९८५४०४०१५६

होलसेल तथा खुद्रा मुल्यमा पाउनुको साथै छुटको पनि व्यवस्था छ ।

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।

कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# इजरायली नरसंहार बिरुद्ध आइसीसीमा मुद्दा दायर




**जेनेभा/** घेराबन्दी गरिएको गाजा पट्टीका मानिसहरूविरुद्ध इजरायली आक्रमणबाट पीडित प्यालेस्टिनीहरूको प्रतिनिधित्व गर्ने वकिलहरूको समूहले इजरायलको कार्य नरसंहारको अपराध बताउँदै अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) मा उजुरी दायर गरेको छ ।

फ्रान्सेली दिग्गज वकिल गिल्स डे भर्सले केही दिन अगाडि उजुरी पेस गरेका हुन् । “नरसंहारको अपराधका लागि सबै मापदण्डहरू पूरा भएका छन्” उनले भनेकाछन्।

भूतपूर्व युगोस्लाभिया र रुवान्डा जस्ता केसहरू उद्धृत गर्दै उनले तर्क गरे कि विगतका परिस्थिति हरूले ‘उजुरी पेस गरिएको उदाहरण’ स्थापित गरेको छ ।

“यो मेरो लागि स्पष्ट छ कि नरसंहारको अपराधको लागि सबै मापदण्डहरू छन्,” डेभर्सले भने । “त्यसोभए यो मेरो विचार होइन, यो कानुनको वास्तविकता हो ।”

वकिलहरूले गाजामा प्यालेस्टिनी हरूविरुद्ध इजरायलका कार्यहरू नरसंहार हो र पश्चिमलाई अपराध लाई प्रोत्साहन गर्नबाट टाढा रहन आग्रह गरेका छन् ।

गाजामा गम्भीर युद्ध अपराधहरू भइरहेका छन् भन्ने चिन्ताको साथ डेभर्सले भन्नुभयो कि संलग्न हुन नचाहेका सरकारहरूले इजरायललाई समर्थन गर्नबाट टाढा रहनुपर्छ ।

“सरकारहरूले मानवअधिकार वा नरसंहार कुनलाई समर्थन गर्ने हो ? भन्ने प्रश्नको जवाफले उनीहरू कुन शिविरमा छन् भनेर अनुमान गर्नुपर्छ ।

उनीहरूले अन्तर्राष्ट्रिय कानुन र मानव अधिकारको बारेमा भाषण दिन सक्दैनन् र त्यसपछि केही नगरी इजरायलको आक्रमण स्वीकार गर्न सक्दैनन्,” उनले भने ।

समूहले प्यालेस्टिनी पीडितहरूको नरसंहारका साक्षीहरू पनि संकलन गऱ्यो । उनीहरू कानुनीरूपमा अदालतमा उपस्थित गराइएको छ ।

इजरायलले नरसंहारको प्रमाण लुकाउन कुनै प्रयास गरेको छैन, समूहले गाजामा खाना र बिजुली काटेर, नागरिक र नागरिक पूर्वाधारमा आक्रमण गरेर र मानिसहरूलाई ‘जनावर’ सँग तुलना गर्ने अमानवीय अभिव्यक्ति प्रयोग गरेको तर्क उजुरीमा गरिएको छ ।

डेभर्सले गाजाको पछिल्लो बम विस्फोटलाई अदालतले दशकौंमा देखेको सबैभन्दा पछिल्ला अपराध भएको खुलाए । “यदि आईसीसीले केही गर्दैन भने, यो आईसीसीको अन्त्य हो” उनले भने । “हामीसँग नेतन्याहु विरुद्ध गिरफ्तारीको जनादेशको लागि पर्याप्त प्रमाण छ,” डेभर्सले भनेका थिए । इजरायलले आईसीसीलाई मान्यता दिँदैन, तर डेभर्सले भने कि यो कार्यले अदालतलाई प्रभावकारी बनाउँदैन ।

विज्ञहरू नागरिक समाजको पहलले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलगायतका शीर्ष इजरायली राजनीतिज्ञहरू विरुद्ध पक्राउ वारेन्ट जारी गर्नसक्ने बताउँछन् ।

इजरायलले गाजामा गरिरहेको नरसंहार अन्त्य गर्न युद्धविराम लागू गर्न विश्वको असफलताको बिचमा इजरायलले आक्रोश, आलोचना र निराशा खिच्न जारी राख्दा थप घटनाक्रमहरू अगाडि आएका छन् ।

डेभर्सको नेतृत्वमा गरिएको पहल विगतका हप्ताहरूमा आईसीसीमा पेस गरिएका धेरै मुद्दाहरूमध्ये एक हो ।

नोभेम्बर ९ मा, तीन प्यालेस्टाइन मानव अधिकार समूहहरूले निकायलाई इजरायललाई ‘रङ्गभेद’ र ‘नरसंहार’ को लागि अनुसन्धान गर्न र इजरायली नेताहरूको लागि गिरफ्तारी वारेन्ट जारी गर्न आग्रह गरेका थिए ।

अर्को पहलको रूपमा अन्तर्राष्ट्रिय नागरिक समाज, राजनीतिक नेताहरू र प्रतिनिधिहरूबाट विभिन्न आवाजहरूलाई एकसाथ अदालतमा निवेदन गर्नको लागि एक साथ ल्याउने बताइएको छ । प्यालेस्टिनी अधिकारको वकालत गर्ने प्रमुख युरोपेली राजनीतिज्ञहरू, जसमा स्पेनका इयोन बेलारा र बेलायतका जेरेमी कोर्बिनलगायतका ८० भन्दा बढी हस्ताक्षरकर्ताहरू छन् ।

२०२१ मा, आईसीसीले भूमिमा कुनै पनि पक्षले गरेको सम्भावित युद्ध अपराधहरूसहित कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रहरूमा गरिएका गम्भीर अपराधहरूमा अधिकार क्षेत्र रहेको फैसला गऱ्यो ।

भर्खरको रिपोर्टले गाजाको अल-शिफा अस्पतालमा एक भयानक दुःस्वप्न देखापरेको संकेत गर्दछ । इजरायलले त्यहाँ फसेका हजारौं निर्दोष महिला र बालबालिकाको आक्रमणलाई रोक्न व्यापक अन्तर्राष्ट्रिय आक्रोशको अवज्ञा गर्दै परिसरमा निरन्तर हमला गरेको छ ।

गाजामा मृत्यु हुनेको संख्या अहिले ११,५०० नजिक पुगेको छ, जसमा अधिकांश महिला र बालबालिका छन् । अक्टोबर ७ देखि करिब २०० मेडिकल स्टाफको पनि मृत्यु भइसकेको छ ।

आवासीय क्षेत्र र अस्पतालहरू भर्खरै इजरायली आक्रमणको मुख्य लक्ष्य भएका छन् । बारम्बार विरोध र अन्तर्राष्ट्रिय अनुरोध भए पनि इजरायली सरकारले मानवीय युद्धविरामको लागि कुनै पनि प्रस्ताव स्वीकार गरेको छैन ।

# अस्ट्रेलियाली सैनिकद्वारा युद्ध अपराध स्वीकार



**एजेन्सी/** डेभिड म्याकब्राइडद्वारा पत्रकारहरूलाई लीक गरिएको सामग्रीले एउटा अनुसन्धानको नेतृत्व गऱ्यो जसले पत्ता लगायो कि सैनिकहरूले अफगान नागरिक हरूलाई गैरकानूनी रूपमा मारेका थिए ।

अफगानिस्तानमा अष्ट्रेलियाको युद्ध अपराधको आरोपको पर्दाफास गर्न मद्दत गर्ने पूर्व सैन्य वकिल डेभिड म्याकब्राइडले शुक्रबार क्यानबेराको अदालतमा मिडियामा गोप्य सूचना चुहावट सम्बन्धी तीनवटा आरोपमा दोषी स्वीकार गरे ।

म्याकब्राइड, जसले सुरुमा पाँचवटा आरोपहरूको सामना गर्‍यो, अष्ट्रेलियन क्यापिटल टेरिटरी (एसिटी) सर्वोच्च अदालतमा कमनवेल्थ जानकारी चोरी गर्ने र पछि अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसन (एविसी) का लागि पत्रकारहरूलाई पठाउने लगायतका अपराधहरूमा दोषी स्वीकार गरे ।

म्याकब्राइडको कानुनी टोलीले मिडियामा उसको खुलासा व्हिसलब्लोअर सेफगार्डहरूद्वारा सुरक्षित गरिएको थियो भनी तर्क गर्दै प्रतिरक्षा त्यागेपछि दोषी याचिका आएको छ, र सरकारी हस्तक्षेपलाई पछ्याउँदछ कि केही कागजातहरू, यदि परीक्षणको क्रममा छलफल गरियो भने, “अष्ट्रेलियाको सुरक्षा र रक्षा“ लाई कमजोर पार्न सक्छ ।

“म एउटा कुरा भन्छु,“ म्याकब्राइडले शुक्रबार क्यानबेराको अदालत बाहिर भने, द गार्डियनका अनुसार।

“म अग्लो उभिएको छु, र म विश्वास गर्छु कि मैले मेरो कर्तव्य पूरा गरे... र म यसलाई राम्रो अष्ट्रेलियाको सुरुवातको रूपमा देख्छु ।“

सुनुवाइको क्रममा, अदालतले सुनेको छ कि म्याकब्राइडले विशेष बलका सिपाहीहरूद्वारा कथित दुराचारको “अत्यधिक अनुसन्धान“ भनेर वर्णन गरेको कुराबाट चिन्तित भएपछि बोल्नु नैतिक कर्तव्य भएको महसुस गरे, जसलाई उसले अत्यधिक सम्झौता गरेको भन्दै एबीसीले लेखेको छ ।

म्याकब्राइडद्वारा लीक गरिएको सामग्रीले एविसी को २०१७ द अफगान फाइल्स एक्सपोजको आधार बन्यो, जसले अफगानिस्तानमा अष्ट्रेलियाली सेनाहरू विरुद्ध युद्ध अपराधको विस्तृत आरोपहरू समावेश गरेको थियो ।

प्रमाणहरूले अनुसन्धानको नेतृत्व गरेको छ, जसले पत्ता लगायो कि अस्ट्रेलियाली सैनिकहरूले २००५ र २०१६ को बीचमा ३९ अफगानीहरूलाई गैरकानूनी रूपमा हत्या गरिएको छ । अष्ट्रेलियाली सैनिकहरूले युद्धमा मारिएका नागरिकहरूमाथि घातक हतियार प्रयोग गरेको प्रमाणहरू सार्वजनिक भएका थिए ।

२०१९ मा म्याकब्राइड पक्राउ परेको महिना पछि, एबीसीका कार्यालयहरूमा संघीय प्रहरीले छापा मारेको थियो, एक पत्रकार, ड्यान ओक्स, जसले लीक गरिएको जानकारीबाट रिपोर्टहरू प्रकाशित गरेका थिए । अभियोजनकर्ताले सार्वजनिक हितमा नभएको भन्दै ओक्स विरुद्धको आरोपमा अगाडि बढ्न अस्वीकार गरेका थिए ।

तथापि, म्याकब्राइडको अभियोजनले अष्ट्रेलियाको ह्विस्टलब्लोअर सुरक्षा व्यवस्था पर्याप्त रूपमा बलियो नभएको प्रष्ट पारेको छ ।

“यो अष्ट्रेलियाली लोकतन्त्रका लागि कालो दिन हो,” पूर्व सिनेटर र ह्विस्टलब्लोवर जस्टिस फन्डका संस्थापक रेक्स प्याट्रिकले बीबीसीलाई भनेका थिए ।

ह्विस्टलब्लोअर्सलाई अभियोग लगाउनमा कुनै सार्वजनिक चासो छैन, र उनीहरूलाई जेल पठाउनेमा पक्कै पनि सार्वजनिक चासो छैन, मानवअधिकार वकिल किरन पेन्डरले बीबीसीलाई भने ।

अदालतबाहिर बोल्दै, म्याकब्राइडको कानूनी टोलीले सम्भावित पुनरावेदनमा संकेत गरे । उनका वकिल मार्क डेभिसले भने कि उनीहरूको रक्षाको लागि महत्वपूर्ण सामग्री रोक्न सरकारी हस्तक्षेपले उनीहरूलाई घातक प्रहार गरेको छ ।

म्याकब्राइडलाई अर्कोवर्षको सुरुमा सजाय सुनाइने अनुमान गरिएको छ । (आरटी अनलाइनबाट )



# दीपक मनाङेले एक्सन फिल्म 'कंगारु' निर्माण गर्ने



फिल्म निर्माता तथा नेकपा एकीकृत समाजवादीका नेता राजीव गुरुङ 'दीपक मनाङे'ले मंगलबार नयाँ फिल्मको घोषणा गरेका छन् । फिल्म 'कंगारु'लाई सम्राट बस्नेतले निर्देशन गर्ने भनिएको छ ।

अष्ट्रेलिया र नेपालमा समेत छायांकन हुने फिल्मबारे विस्तृत उल्लेख छैन । फिल्म घोषणाबारे जारी वक्तव्यमा मनाङेलाई निर्माताको रुपमा चिनाइएको छ । मनाङले यसअघि पोइ पर्‍यो काले, दुई नम्बरी फिल्म निर्माण गरेका छन् । 'कंगारु'पछि सविन श्रेष्ठलाई लिएर 'बाघचाल' बनाउने उनको तयारी छ ।


'कंगारु'लाई सस्पेन्स, थ्रिलर र कमेडी जनरामा निर्माण गरिने निर्देशक बस्नेतले बताए । यसअघि उनले निर्देशन गरेको फिल्म 'लाखे'लाई एक्सन जनरामा निर्माण गरिएको थियो । फूलमुन मोसन पिक्चर्स र उत्तरगया म्युजिक एण्ड फिल्म्ससँग आस्याप इन्टरटेनमेन्टको सहकार्यमा यो फिल्म निर्माण हुन लागेको हो । फिल्ममा प्रेम थापा र धनबहादुर गुरुङको लगानी रहनेछ । फिल्मको सहनिर्मातामा रोनिश बहादुर बस्नेत र निशान श्रेष्ठ छन् । टीका भण्डारी र सन्तोष अधिकारी (अष्ट्रेलिया) कार्यकारी निर्माता रहेको फिल्मको लाइन प्रोड्युसरमा आस्याप इन्टरटेनमेन्ट (अष्ट्रेलिया) छ । फिल्ममा सीमा गुरुङको कथा र महेश दवाडीको पटकथा छ ।

# अभिनयलाई निरन्तरता दिन्छु : रेखा थापा



केही समयसम्म चलचित्रबाट टाढा रहेकी अभिनेत्री रेखा थापा पुनःचलचित्र उपहारमार्फत निर्माण र अभिनयमा सक्रिय भएकी छन्। केही समय राजनीति र घर गृहस्थीमा व्यस्त भएकाले कलाकारिता मा निरन्तरता दिन नपाएको उनले बताइन् । "म चुनावको क्रममा घुम्दा पनि दर्शकले पर्दामा नदेखिएको धेरै भयो, नयाँ चलचित्र कहिले हेर्न पाइन्छ ? भन्ने जिज्ञासा राख्नुहुन्थ्यो । म विविध कारणले केही समय विश्राममा रहे पनि अलग भने भएको थिइन्", अभिनेत्री थापाले भनिन् । उनले आफू चिनिएको चलचित्र कर्मबाट आउँदा दिनमा पनि लामोसमय नटाढिने बताइन् । उपचहार चलचित्रमा अभिनेत्री थापा सँगै पूजा शर्मा, बेनिषा हमाल, मुकुन भुसाल, तेज गिरी, समर्पणजङ्ग कार्की, शिशिर राणा, सुष्मा कार्की, अंशु महर्जन, विनोदकुमार पौडेलगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्रलाई निर्देशक ज्ञानेन्द्र देउजाले निर्देशन गरेका हुन् । उनले अभिनेत्री थापासँग लामो समयदेखि काम गरिरहेको स्मरण गर्दै चलचित्रमा तीन अभिनेत्रीलाई मुख्य पात्रका रुपमा प्रस्तुत गरेको बताए । रेखा फिल्मस् र कपनगढी सिनेमाको ब्यानरमा निर्माण भएको चलचित्र फागुन २५ गते प्रदर्शन तय भएको छ । चलचित्र वितरण काठमाडौं उपत्यकामा करण श्रेष्ठ र उपत्यका बाहिर एफडी कम्पनीले गर्नेछ ।

# सौगात भित्रिए सन्तोषको 'बलिदान'मा



सन्तोष सेनको निर्देशनमा बन्न लागेको फिल्म 'बलिदान'को मुख्य भूमिकामा अभिनेता सौगात मल्ल रहने भएका छन् । निर्माण युनिटले सौगातसँग कागती सम्झौता गर्दै फिल्मको लागि अनुबन्धित गरेको हो । फिल्मका लागि यस अगाडि अर्पण थापा अनुबन्ध भइसकेका छन् । फिल्ममा सौगातले मधेसी चरित्र निर्वाह गर्ने छन् । तराई र पहाडको विषयवस्तुमा फिल्म निर्माण हुन लागेको निर्देशक सेनले बताए । आसुसेन फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मका निर्मातामा पवन ब्राडफोर्ड बिस्ट छन् भने कार्यकारी निर्मातामा चक्र बहादुर चन्द र प्रेम पुरी रहेका छन् । दर्शन जीको लेखन रहने फिल्मको 'स्क्रिप्ट डक्टर'मा मनोज पण्डित छन् । फिल्मको प्रदर्शन मिति आगामी वर्षको दसैंको फूलपातीलाई घोषणा गरिएको छ । फिल्म छायांकन आगामी पुसदेखि गर्ने योजना निर्माण युनिटको छ । दोस्रो पटक 'बलिदान' शीर्षकमा फिल्म बन्न लागेको हो । वि.सं. २०५४ सालमा निर्देशक तुलसी घिमिरेले मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई मुख्य भूमिकामा लिएर ' बलिदान' बनाएका थिए । यो फिल्म युवाहरूको सपना र बलिदानको कथामा आधारित थियो ।





















सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकार: केशवप्रसाद गौतम ई-मेल: news.pradesh@gmail.com, बेभ: www.epradeshkhabar.com मुद्रण: लालिगुरांस अफसेट प्रेस, सिन्धुली